*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५,९८४१४४९१११

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५३१८२,९८४१२५२६६२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३४
इस्वी सम्वत् २०१४
बिक्रम सम्वत् २०७०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**16th JANUARY 2014**

| वर्ष- ३१ | अङ्क- ९ | मिला पुन्हि | माघ २०७० |
|---|---|---|---|


निरोगीपूर्वक बाँच्न पाउनु जस्तो ठूलो लाभ अर्को छैन। सन्तुष्ट भएर रहन सक्नु जस्तो ठूलो धन अरू छैन। विश्वासी बन्धुहरू जस्तो ठूलो अर्को छैन भने निर्वाण (क्लेश रहीत शुद्ध चित्त सहितको पवित्र व्यक्ति बनेर रहन सक्नु) जस्तो ठूलो सुख अर्को छैन।

भोकाएर बस्नु पर्ने अवस्था जस्तो ठूलो रोग अर्को छैन। संस्कार जस्तो ठूलो दु:ख अर्को छैन। यथार्थ भावले यसको कारण पत्ता लगाई प्राप्त गर्न सकेको निर्वाण (क्लेश मुक्ति) जस्तो सुख अर्को छैन।

विजयी व्यक्तिको वैरी हुन्छ भने पराजित व्यक्ति दु:खी हुनेछ। विजय र पराजयलाई त्यागी शान्त पूर्वक रहन सक्ने व्यक्ति सुखपूर्वक सुत्न सक्नेछ।

एकान्तवास गरी शान्ति रस उपभोग गर्न जान्ने व्यक्तिहरू र धर्म रसपान गर्ने सत्पुरूषहरू, निर्भयी र पाप रहित बन्नेछन्।

Downloaded from http://www.dhamma.digital

▪ सम्पादकीय ▪

# खराब स्वभाव भएका चार प्रकारका मानिसहरू

खराब चित्तलाई अघि सारी खराव व्यवहारहरू प्रयोग गर्ने व्यक्तिहरूलाई नै खराब व्यक्ति भनिन्छ। नियत ठिक भएन भने त्यस व्यक्तिले धेरै जसो अरूलाई पनि आफूलाई पनि दुःख हुने बीऊ रोपिरहेको हुन्छ। त्यस्तो व्यक्तिहरूको विषयमा भगवान बुद्धले यसरी चर्चा गर्नु भएको छ।

**"अलसो गिही काम भोगी**
**नसाघु असञ्ञतो पब्बजितो न साधु**
**राजा न साधु अनिसम्मकारी**
**यो कोधनो पण्डितो सो नसाधु"**

*अर्थ*-

(१) अल्छी गृही काम भोगी मानिस ठीक छैन।

(२) असंयमित प्रव्रजित भिक्षु पनि ठीक छैन।

(३) अविवेकी स्वेच्छाचारी राजा पनि ठीक छैन।

(४) रिसालु पण्डित विद्वान पनि ठीक छैन।

माथि उल्लेखित बुद्ध वचनलाई अध्ययन गरेर हेर्दा यसले प्रष्टाइरहेको छ, अल्छी र कामभोगी मानिसहरूको बानी व्यवहार ठीक छैन। किनभने अल्छी मानिसले आफ्नो जीवनमा उन्नति अभिवृद्धि गर्न सकिरहेको हुदैन जसले गर्दा उसले आफ्नो जीवनमा सफलता हासिल गर्न सकिरहेको हुँदैन। अल्छी मानिसको छिट्टै पतन हुन्छ। अल्छी व्यक्ति धेरै जसो आफ्नो जिम्मेवारी र कर्त्तव्य पन्छाउँदै भाग्न खोज्छ। उसले आफ्नो अल्छीपना बानीको कारणले अनेक बहाना गर्दै अगाडि बढ्न खोज्दैन। कहिले जाडो त कहिले गर्मी, कहिले पानी परिरहेको छ त कहिले घाम चर्को छ भन्दै अनेक बहाना अघि सार्दै आफूले गर्नु पर्ने कार्यलाई पछाडि हटाउँदै जीवन विताइरहेको हुन्छ।

त्यसैले भगवान बुद्धले भन्नुभएको छ–

**"अलसस्स कुतो सिप्पं,**

*अर्थात्*- अल्छी मानिसलाई शील्प शास्त्र कहाँ पाइन्छ ?

**"असिप्पस्स कुतो धनं"**

शिल्प शास्त्र नै नजानेका व्यक्तिले कसरी धन कमाउँछ? भगवान बुद्धले भन्नुभएको छ–

गृहस्थ जीवनलाई सुखमय र सुखपूर्वक निर्वाह गर्नका लागि चार प्रकारका सुखहरू हुन अत्यावश्यक छ। ती यसरी छन–

(क) अत्थि सुख–

मानिसको जीवन सुखमय बनाउनका लागि, बाँच्नका लागि नभई नहुने, दैनिक जीवनमा नभइनहुने आधारभूत आवश्यकताका वस्तुहरूको अभाव हुनु हुँदैन। ती वस्तुहरू आफूसंग हुनुपर्छ। यसलाई अत्थि सुख भनिन्छ।

(ख) भोग सुख–

आफूले कमाएको धन आफ्नो इच्छानुसार भोग गर्ने मौका पनि हुनुपर्छ। यसलाई भोग सुख भनिन्छ।

(ग) अणन सुख–

आफ्नो जीवनमा अरूसंग ऋण लिन नपर्ने गरी जीवन बिताउनु पाउनु पनि एक प्रकारको सुख हो। त्यसलाई अणन सुख भनिन्छ।

(घ) अनवज्ज सुख–

अरूले दोषारोपण गर्न नसक्ने निर्दोषी जीवन बिताउनु पाउनु पनि एक प्रकारको सुख हो। यस्तो जीवन सुखलाई अनवज्ज सुख भनिन्छ।

माथि उल्लेखित चार प्रकारका सुख प्राप्त गर्नका लागि मानिसले उत्साहपूर्वक मेहनतपूर्वक काम गर्नुपर्छ। परिश्रम गरी कमाउन सक्नुपर्छ। कर्ममा छैन के गर्नु भन्दै चुपलागेर बस्नु मानिसको कर्त्तव्य होइन। बुद्धले भन्नुभएको छ– मानिसले खानलाई पुग्ने गरी कमाएर मात्र पुग्दैन। उत्साहपूर्वक पसिना बगाई कमाउनु पर्दछ। कमाएको धनलाई सुरक्षा गर्नु पर्दछ। अर्को शब्दमा भन्ने हो भने आफूले परिश्रम गरी कमाएको धनलाई भविष्यको लागि संचय पनि गर्नु पर्दछ। भविष्यको लागि धन संचय गर्नको लागि पनि मानिसले बढि मेहनती बन्न अत्यावश्यक छ। त्यसैले हामीले भन्न सक्छौं अल्छी व्यक्ति ठीक छैन।

(२) असंयमित प्रव्रजित भिक्षु ठीक छैन–

प्रव्रजित भिक्षुको कर्त्तव्य नै धर्म पालन गर्नु र धर्म



Downloaded from http://www.dhamma.digital

प्रचार गर्नु हो । तसर्थ प्रव्रजित जीवन धर्म प्रचारक व्यक्तिलाई औषधी जस्तै उपयोगी छ ।

उदाहरणको लागि सम्राट अशोक पहिला महत्वाकांक्षी चण्डाल थियो । जब उहाँ संयमित निग्रोध श्रमणको संगतमा पर्नुभयो, तब उहाँ चण्डाल अशोकबाट धर्म अशोक बन्न सफल हुनुभयो । श्रीलंकाका राजा देवानां पियतिस्स र महारानी पनि सम्राट अशोकका छोरा भिक्षु महेन्द्रको संयमित जीवन देखेर प्रभावित भई सुशिक्षित भए । त्यति मात्र होइन त्यहाँका राक्षसी स्वभावका जनताहरू पनि असल बने ।

(३) स्वेच्छाचारी राजा ठीक छैन–

राजा प्रजाका अभिभावक र संरक्षक हुन् । इतिहासले स्वेच्छाचारी, स्वार्थी र अविवेकी राजाहरू पतन भएको प्रमाण देखाउँछ । इतिहासले नै खराव शासकहरूलाई जनताले पतन गराएको घटना छर्लङ्ग गराई रहेको हुन्छ । त्यसैले हामीले भन्न सक्छौं स्वेच्छाचारी राजा ठीक छैन ।

(४) क्रोधी पण्डित विद्वान पनि ठीक छैन–

क्रोधी,रिसालु पण्डित कदापि ठीक हुन सक्दैन् । भगवान् बुद्ध भन्नुहुन्छ–

**"कोधो सत्थ मलं लोके"**

*अर्थात्*– संसारमा जति पनि पढे लेखेका व्यक्ति हुन्छन्, उसमा रीस, क्रोधले ठाउँ लियो भने उसको विद्वतामा खीया लागेको हुन्छ । रीसले विद्वान व्यक्तिको मूल्य नै ऱ्हास गरिदिन्छ ।

माथि उल्लेखित चारप्रकारका बेठिक बानीहरू हटाउन सकेमामात्र समाजमा शान्ति र सुब्यवस्था कायम हुने कुरालाई भगवान् बुद्धले चर्चा गर्नु भएको छ ।

**wd{§Llt{ljxf/df a'4k'hf / wd{b]zgf**

| २०७० साल | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| मंसीर २५ गते, मंगलवार | अमता | वीर्यवती |
| पौष १ गते, सोमवार | अमता | पञ्ञावती |
| पौष २ गते, मंगलवार | शुभवती | धम्मवती |
| पौष १० गते, बुद्धवार | क्षान्तीवती | त्यागवती |
| पौष १७ गते, बुद्धवार | वण्णवती | केशावती |

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–१०

***अनुवाद*– देवकाजी शाक्य**

– ८२ –

– सम्यक् बोध एक कवच हो जसले हामीलाई लोभ लालच तृष्णा र तीन विषालु कुराहरू: लोभ, घृणा र अज्ञानताबाट बचाउँछ ।

– ८३ –

– करूणा विशुद्ध दया हो ।

– प्रज्ञाको अर्थ प्रतित्यसमुत्पादको सत्य थाहा पाउनु हो ।

– ८४ –

– सुगन्धित फुलहरूले आनन्द ल्याउँछन् । किनभने तिनीहरू जीवन्त अथवा जीवनयुक्त हुन्छन् ।

– चराचुरूङ्गीहरूको सुमधुर आवाज सबैलाई मनपर्ने हुन्छन् किनभने तिनीहरू जीवनयुक्त हुन्छन् ।

– सरिरहेका बादलहरूले हामीलाई सुखी बनाउँछन् किनभने तिनीहरू जीवनयुक्त हुन्छन् ।

– खोलानालाहरूले हामीलाई क्लेश नाश गर्न सोच्न लगाउँछन्, किनभने तिनीहरू जीवन्त हुन्छ ।

– मानवीय मांसपेशीले हामीलाई हर्ष र आशा प्रदान गर्छ किनभने तिनीहरू जीवन्त हुन्छन् ।

– ८५ –

– शीलको शक्तिले मनको चोरलाई पक्रन सक्छ ।

– ध्यान भावनाको शक्तिले मनको राक्षसलाई दमन गर्न सक्छ ।

– मिहिनेतको शक्तिले मानसिक क्लेशलाई छिन्नभिन्न पारिदिन्छ ।

– प्रज्ञाको शक्तिले घृणालाई मेटिदिन्छ ।

– ८६ –

– प्रतिज्ञाको शक्तिबाट बल निस्कन्छ ।

– पुण्यवान कामहरूबाट सम्मुन्नति आउँछ ।

– ८७ –

– जहाँ धर्म छ, त्यहाँ मार्ग छ ।

– जहाँ शील छ, त्यहाँ कुनै किसिमको अतिक्रमण हुँदैन ।

– ८८ –

– भ्रमको क्लेश र भेदभावलाई हटाऊ ।

– जीवन र मृत्युको पुरातन रहस्य पत्ता लगाऊ ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# धम्मपद २७०

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
'परियत्ति सद्धम्म कोविद'

**"यस्स कायेन वाचाय – मनसा नत्थि दुक्कतं**
**संवुतं तीहि ठानेहि – तम' हं ब्रूमि ब्राह्मणं"**

*अर्थ*- काय, वचन, मन द्वारा पाप नगरीकन यी तीनवटै द्वारप्रति संयमित भएर रहनेलाई नै म ब्राह्मण भन्दछु ।

*घटना*- उपरोक्त गाथा भगवान बुद्धले जेतवन महाविहारमा बस्नुहुँदा महाप्रजापति गौत्तमीको कारणमा भन्नु भएको थियो ।

अष्ट गरू धर्म पालना गर्न सक्छौ भने त्यही महाप्रजापति गौतमी सहित महिला वर्गलाई बुद्धशासनमा प्रव्रज्याको अनुमति भयो भनी तथागतद्वारा आज्ञा हुनु भएको थियो । सोही अनुसार प्रजापति गौतमीसँगै अरू पाँचसय महिलाहरू भिक्षुणी बनेका थिए । अतः उसको कोही आचार्य उपाध्याय थिएन ।

तर पछिबाट यही कुरालाई लिएर शंका उठाई भिक्षुणीहरूले महाप्रजापति गौत्तमी संग उपोसथ पवारणा पनि गर्न छोडे । उनीहरूको भनाइ थियो– "महाप्रजापति गौतमीको त आचार्य, उपाध्याय कोही पनि छैनन् । आफ्नै हातले काषाय वस्त्र धारण गरिलियो । "उनीहरूले गएर सोही कुरा तथागत समक्ष सुनाउन गए ।

तथागतले उनीहरूको कुरा सुनेर भन्नुभयो– "मैले महाप्रजापति गौतमीलाई आठवटा गरू धर्म दिएर उपसम्पदा गरेको हुँ । उनका आचार्य भन वा उपाध्याय भन म नै हुँ । काय् दुश्चरित्रादि रहित भइसकेका क्षीणाश्रबीलाई यसरी शंका गर्नु हुन्न ।

यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

# धम्मपद २७१

**यम्हा धम्मं विजानेय्य – सम्मासम्बुद्ध देसितं**
**सक्कच्चं तं नमस्सेय्य – अग्गिहुत्तं 'व ब्राह्मणो ।**

*अर्थ*- जुन उपदेशकद्वारा भगवान बुद्धले देशना गर्नु भएको सद्धर्म सिक्न पाउँछ, त्यस व्यक्तिलाई त्यसरी नै नमस्कार गर्नुपर्छ जसरी ब्राह्मणले अग्निक्षेत्रलाई नमस्कार गर्दछ ।

*घटना*- उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको बेला सारिपुत्र स्थविरको कारणमा भन्नु भएको हो ।

सारिपुत्रले अस्सजि स्थविरबाट तथागतको धर्ममा सारांश सुन्न पाई स्रोतापत्ति फलमा प्रतिष्ठित भएका थिए । अतः सारिपुत्र स्थविरले जहाँ जहिले पनि सुत्नु अगाडि अस्सजि स्थविर कुन दिशापट्टि बस्नु भएको भनी बुझी त्यो दिशातर्फ हात जोडी नमस्कार गर्ने, अनि त्यतापत्ति नै शीर पारी सुत्ने गर्दथ्यो ।

सारिपुत्रको यस्तो बानि देखेर नबुझेका भिक्षुहरूले यस्तो विचार गरे– "सारिपुत्र स्थविर मिथ्या दृष्टिक रहेछ, अहिलेसम्म पनि उहाँले दिशा-विदिशा वन्दना गर्ने गर्दछ ।" भिक्षुहरूले यही कुरा भगवान बुद्धकहाँ भन्न गए ।

भगवान बुद्धले सारिपुत्रलाई बोलाउन पठाएर सोध्नुभयो– "हे सारिपुत्र ! तिमी अहिलेसम्म पनि दिशा विदिशा नमस्कार गरी हिँड्छौ भनेको कुरा साँचो हो के ?"

सारिपुत्र स्थविरले भने– "भन्ते ! मैले दिशा विदिशा नमस्कार गरे नगरेको कुरा तथागतले नै जान्नु भएको छ ।" यसरी सारिपुत्रले बिन्ति गरेपछि बुद्धले भन्नुभयो– "हे भिक्षुहरू ! सारिपुत्रले दिशा-विदिशालाई नमस्कार गरेर हिँडेको होइन । अस्सजि स्थविरसंग धर्मदेशना सुनी आफू स्रोतापति फलमा पुगेकोले, आफ्ना आचार्य प्रति गौरव गरी अस्सजि बसेको दिशा-विदिशातिर वन्दना-नमस्कार गर्ने गरेको हो । जुन आचार्यद्वारा आफूलाई धर्मअबधोध गराइदिन्छ, त्यस आचार्यप्रति, ब्राह्मणहरूले अग्निलाई सत्कार-गौरव पूर्वक नमस्कार गर्ने झैं गर्नुपर्छ । यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖

**बुद्ध सम्बन्धी केही जानकारीहरू**

१) बुद्धको भिक्षुसंघमा सारिपुत्र र मौद्गल्यायन बुद्धका मुख्य शिष्यहरू थिए । यी दुईलाई अग्रश्रावक वा महाश्रावक (उत्तम शिष्यहरू) पनि भनिन्छ ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# अग्र श्राविका विशाखा

✍ सत्यनारायण गोयन्का

मगध राज्यको अधीनमा अंग देश पर्दथ्यो । अंगदेशको प्रमुख शहर भद्दिय थियो । भद्दिय शहरका धन कुवेर श्रेष्ठी मिण्डक थिए । उनका पनि छोरा धनन्जय थिए । धनन्जय र उनकी पत्नी सुमनाको कोखबाट विशाखाको जन्म भएको थियो ।

विशाखा सात वर्षकी हुँदा भगवान् तथागत भद्दिय शहरमा पाल्नु भएको थियो । मिंडकका परिवारका सबै सदस्य भगवान् प्रति श्रद्धा राख्दथे । सातवर्षकी विशाखा आफ्ना पाँचसय साथीहरू सहित भगवान्को उपदेश सुन्न गएकी थिइन् । भगवान्को धर्म-उपदेश सुन्दा-सुन्दै सात वर्षकी बालिकाले स्रोतापन्न अवस्था प्राप्त गरिन् । पूर्व जन्मको अधिक पुण्य पारमिताको संग्रह थियो । पूर्व जन्ममा उनी भगवान् काश्यप सम्यक सम्बुद्धका सातजना बहिनीहरू मध्येका एकजना थिइन् । त्यस जन्ममा उनले अनेक पुण्य कार्य गर्नुका साथै गम्भीर साधनाको अभ्यास पनि गरेकी थिइन् ।

मगधराज बिम्बिसारको अधिनमा पाँचजना धन कुबेरहरू थिए– मिंडक, जोतिय, जटिल, पुत्रक र काकवलिय । कुनै राज्यमा एकजना मात्र धन कुबेर भए पनि राज्यको आय बृद्धि हुनुका साथै देशको शोभा बढ्दथ्यो । कोशलका अनाथपिण्डक जस्ता धनवान् श्रेष्ठी पनि यी धन कुबेर समान थिएन ।

कोशलका राजा प्रसेनजितले मगधराजा बिम्बिसारकी बहिनी र बिम्बिसारले प्रसेनजितकी बहिनी विवाह गरेकी थिए । दुबै राजाहरूमा पारस्परिक स्नेह सम्बन्ध थियो । एकपटक प्रसेनजितले बिम्बिसार समक्ष उनका पाँचजना धन कुबेरहरू मध्ये एकजनालाई श्रावस्तीमा बसोवास गराउन आग्रह गरेका थिए । परन्तु ती मध्ये कसैले पनि आफ्नो थलो छोडेर श्रावस्तीमा रहने इच्छा गरेनन् । यस मामलामा बिम्बिसार उनीहरूलाई दबाब दिन पनि सक्दैनथे । धेरै भन सुन गरे पछि श्रेष्ठी मिण्डकका जेठा छोरा, बिशाखाका पिता धनन्जय आफ्ना परिवार सहित कोशल देशमा बस्न राजी भए ।

धनन्जय आफ्नो परिवार सहित कोशल देशको राजधानी श्रावस्तीमा त बसेनन्, श्रावस्ती भन्दा सात योजन टाढा साकेत नामक स्थानमा बस्न थाले । ब्यापारको लागि त्यो ठाउँ अत्यन्त अनुकूल थियो । बिशाखा पनि आफ्नो पितासंगै साकेतमा रहन थालिन् ।

त्यहीं बस्दै बिशाखाको विवाह श्रावस्तीका श्रेष्ठी मिगारका छोरा पुण्यवर्धनसंग भयो । विवाह पछि बिशाखा श्रावस्तीमा नै बस्न थालिन् । त्यहाँ बस्दा भगवान्संग सम्पर्क राख्नु झन सजिलो भयो । त्यस समय श्रावस्तीमा अनाथपिण्डिकको जेतवन विहार स्थापित भइसकेको थियो । भगवान् अक्सर वर्षावास त्यहीं बिताउनु हुन्थ्यो । श्रावस्ती धेरै आवादी भएको नगर भएकोले अधिकभन्दा अधिक मानिसहरू भगवान्को सम्पर्कमा आए, धर्मको सम्पर्कमा आए अतः धेरैको कल्याण भयो ।

धेरै जनसंख्या भएको नगर भएको कारणले बिशाल जेतवन विहार पनि सानो भएको थियो । भिक्षुहरू बस्नका लागि स्थानको अभाव भइरहेको थियो । बिशाखालाई एउटा अर्को विहारको अभाव महसूस भइरहेको थियो । तर आफ्ना ससुरा र पति पुण्यवर्धन भगवान् प्रति श्रद्धा राख्दैन थिए । उनीहरू अन्य सम्प्रदायमा विश्वास राख्ने भएकाले दान दिनु सम्भव नै थिएन । बिशाखा विवाह गरेर आउँदा शुरुका दिनमा उनको गृहस्थी जीवन त्यति सहज थिएन । उनका ससुरा मात्र थिए, सासु थिएन । ससुरा एकदमै कञ्जूस तथा शंकालु स्वभावका थिए । सा-साना कुरामा पनि लान्छना लगाउने, गाली गर्ने गर्दथे । हुँदा हुँदा त एकदिन बिशाखालाई घरबाट निकाल्न नोकरहरूलाई आदेश दिए । यस कुरामा उनले दृढतापूर्वक प्रतिकार गरिन् कि आफू बजारबाट किनेर ल्याएकी दासी होइन । त्यस समय समाजमा दासी प्रथाको चलन थियो । विधिवत विवाह गरेर ल्याएकी दुलहीलाई यसरी घरबाट निकाल्न पाईदैन । उनका बुबा धनन्जयले उनको सुरक्षाका लागि आठजना प्रसिद्ध व्यक्तिहरूलाई नियुक्त गरेका थिए । अतः तिनीहरूलाई बोलाएर न्यायिक दिलाउन बिशाखाले आग्रह गरिन् । मिगारले पनि ती व्यक्तिहरूलाई बोलाए र सबैका सामू आफ्ना लाञ्छना प्रस्तुत गरे । बिशाखाले त्यसको जवाफ दिइन्–

(१) **प्र. हाम्रो घरमा आएका गुरुजनहरूलाई उनी नमस्कार गर्दैनन्** ?

**उ.** म जुन परिवारमा हुर्केकी थिएँ त्यहाँ कोही नग्न र



Downloaded from http://www.dhamma.digital

बेढंगका पुरुषहरूलाई नमस्कार गर्नु त परै जावस् अगाडि पनि जानु दिईदैनथ्यो ।

(२) **प्र. आधी रातमा घरबाट बाहिर गएर धेरै बेरसम्म बसिन् ।**

**उ**. मलाई दाईजोमा दिएको घोडाको बच्चा हुने समय थियो । म आफ्ना दासीहरूसंग बत्ती लिएर हेर्न गएकी थिएँ ता कि त्यसको हेरविचारमा कुनै कमी नहोस् ।

(३) **प्र. हिजो मात्रै म स्वादिष्ट भोजन खाँदै थिएँ, त्यसैबेला एकजना भिक्षु भिक्षा माग्न ढोकामा आइपुगे तब यिनले जवाफ दिँदै भनिन् कि "मेरा ससुरा वासी भोजन गर्दै हुनुहुन्छ ।" यस्तो भनेर उनले मेरो बदनाम गरिन् ।**

**उ**. उहाँले पूर्वजन्ममा भोजनदान गरेर शुभकर्म गरेका थिए त्यसैको फलस्वरुप आज मिठा, स्वादिष्ट भोजन गर्न पाएको छ । पुरानो दानको फल – यो वासी त भयो । अब दान दिँदैन भने ताजा आहारको फल कहाँबाट पाउने ?

(४) **प्र. यिनका पिताले यिनलाई विवाह गरेर पठाउँदा कस्ता कस्ता उपदेश दिए त्यसको पालन गरेर कोही कसरी सुखी हुन सक्छ ?**

**उ**. ती उपदेशहरू सविस्तार सुनाउँदै यसरी स्पष्टीकरण दिंदै भनिन्–

क) भित्रको आगो बाहिर लानु हुँदैन ।

यदि ससुरालका कोही ब्यक्तिमा कुनै दोष छ अथवा घरमा कुनै पारस्परिक कलह भएको छ भने बुहारीले बाहिर कसैलाई यस्तो कुरा भन्नु हुँदैन । यो भन्दा ठूलो भित्रको आगो अन्य हुँदैन ।

ख) बाहिरको आगो भित्र ल्याउनु हुँदैन ।

बाहिर छर-छिमेकीले आफ्नो घर-परिवारका ब्यक्तिहरूको निन्दा गरेको छ भने, गाली गरेको छ भने, त्यसलाई सुनेर घरमा कसैलाई बताउनु हुँदैन । यो भन्दा ठूलो आगो अरु हुन सक्दैन ।

ग) दिने ब्यक्तिलाई मात्र दिनुपर्छ ।

घरमा कामलाग्ने वस्तु यदि कसैले उधारो माग्न आएको छ भने, जसले त्यो सामान पुनः फर्काउँछ उसैलाई मात्र दिनुपर्छ ।

घ) नदिने ब्यक्तिलाई दिनुहुँदैन ।

जसले सामान मागेर लान्छ, तर फर्काउँदैन, त्यस्तो ब्यक्तिलाई सामान उधारो दिनुहुँदैन ।

हाम्रो जीवनमा यस्तो घटना प्राय घटिरहेको हुन्छ कि आफ्नो घरमा काम लाग्ने सामान अरुलाई उधारो दिन्छौं तर त्यो सामान फकाईदैन । यस्तो हुँदा त्यो सामान पनि गुमाउँछौं र त्यो ब्यक्तिसंगको स्नेह सम्बन्ध पनि गुमाउँछौं । सामान उधारो नै दिएन भने कमसेकम स्नेह सम्बन्ध मात्र बिग्रीने भयो ।

ङ) दिने अथवा नदिने दुबैलाई दिनुपर्छ ।

यस्तो सामान जुन नफर्काउँदा पनि आफ्नो घर मा केही फरक पर्दैन अथवा त्यो सामान नफर्काउँदा पनि सहन सकिन्छ भने त्यो ब्यक्ति चाहे धनी होस् अथवा गरीब होस्, चिनेको ब्यक्ति होस् अथवा नचिनेको ब्यक्ति होस्, कसैले माग्छ भने दिए हुन्छ । यसरी अरुको सहायता ठानेर दिएको वस्तु नफर्काउँदा मनमा कुनै किसिमको कटुता आउने छैन ।

च) सुख पूर्वक बस्नुपर्छ ।

जब घरमा सासु-ससुरा, पति तथा अन्य जेठा ब्यक्तिहरू उभिरहेको छ भने बुहारी बस्नु उचित हुँदैन । सबैजना बसिसकेपछि बस्नुलाई नै सुखपूर्वक बसेको मानिन्छ ।

छ) सुख पूर्वक खानु पर्छ ।

यस्तै प्रकारले घरका सबैलाई खुवाईसकेपछि मात्र गृहिणीले खाना खानु पर्छ, यसरी खानु नै सुखपूर्वक खानु मानिन्छ ।

ज) सुख पूर्वक सुत्नु पर्छ ।

घरको सम्पूर्ण काम सकाए पछि, ठूला बडाहरूको सेवा टहल गरिसकेपछि मात्र बुहारी सुतेको राम्रो मानिन्छ, यसरी सुतेको नै सुखपूर्वक सुतेको मानिन्छ ।

झ) अग्निको परिचर्या गर्नुपर्छ ।

पति, सासू, ससुरा तथा परिवारका अन्य बृद्धजनहरूलाई आगो झैं तेजस्वी ठानेर सेवा-सुश्रूषा गर्नुपर्छ ।

ञ) भित्रका देवताहरूलाई नमस्कार गर्नुपर्छ ।

पति, सासू, ससूरा तथा परिवारका अन्य बृद्ध जनहरूलाई कुलदेवताहरू झैं ठानेर सधैं नमस्कार गर्नुपर्छ, आदरभाव राख्नुपर्छ ।

यसरी आफ्ना बुबाले दिएको शिक्षाको बारेमा बिशाखाले स्पष्टीकरण दिइन् । यस्तो उत्तर सुनेपछि मिगार अत्यन्त प्रभावित भए । अब उप्रान्त बिशाखाले भगवान्‌लाई घरमा आमन्त्रित गर्न सक्ने भयो । बिशाखाले खुसी हुँदै भगवानलाई भोजनको लागि निमन्त्रणा



Downloaded from http://www.dhamma.digital

दिइयो। भोजनपछि तथागतद्वारा धर्म-उपदेश दिनुभयो। मिगार अन्य सम्प्रदायका अनुयायी थिए, त्यसैले पर्दाको पछाडि रहेर उपदेश सुन्दै रहे, भगवान्को अगाडि आउन सकेन। तर उनी पूर्व जन्मका पारमी सम्पन्न व्यक्ति थिए। अतः भगवान्को उपदेश सुन्दा सुन्दै अनित्य बोधको प्रवाह अनुभव हुन थाल्यो र त्यसलाई हेर्दा-हेर्दै नै परम सत्यको साक्षात्कार भयो। उनको नयाँ जन्म भयो। अनार्यबाट आर्य बने। अनि आफ्ना बुहारी प्रति अत्यन्तै कृतज्ञता विभोर भए। भगवान्को उपदेश सकिने बित्तिकै पहिला आफ्नो बुहारी बिशाखालाई नमस्कार गरे र भने तिमी मेरी आमा हौ। तिमीले नै मलाई आज नयाँ जन्म दियौ। यस समयदेखि बिशाखा मिगार माताको नामले प्रख्यात भइन्। यसको धेरै समय पछि बिशाखाले एउटा छोरो जन्माइन्, उनको नाम पनि "मिगार" नै राखियो। यसकारण पनि उनलाई मिगारमाता भनियो। आफ्ना ससुरा मिगार र पति पुण्यबर्धन भगवान्को श्रद्धालु उपासक भएपछि मात्र उनलाई भगवान्को धर्म उपदेश सुन्न विहारमा जान आउन सहज भयो।

एकसमय बिशाखा अन्य समारोहबाट सीधै श्रावस्तीको जेतवन विहारमा भगवान्को उपदेश सुन्न गइन्। भव्य पहिरन र महँगा गहनाहरूले सजिएकी थिइन्। विहारमा पुग्दा उनलाई होश आयो कि ओहो यस्ता झकिझकाउ गहनाले सजिएर भगवान कहाँ कसरी जानु? अतः आफ्ना गहना फुकालेर एउटा रुमालमा पोको पारी एकठाउँमा राखिन् र उपदेश सुन्न गइन्। भगवान्को गहकिलो उपदेश सुनेर फर्किंदा गहनाको पोको त्यहाँ थिएन, कसैले लिएर अर्को ठाउँमा राखेको रहेछ। "ओहो, कसैले लिइसकेको भएपछि अब मेरो रहेन, अरु कसैको भयो" यस्तो सोचेर आफूले लिन त्यसको करोडौंको अधिक मूल्य हालेर फेरि आफैंले किने। उनलाई दान दिनु नै थियो उनले सत्ताइस करोड खर्च गरेर जेतवन विहारको पूर्वपट्टि पूर्वाराम विहारको निर्माण गरेर भिक्षु संघलाई दान दिए। भगवान्ले उनलाई दानी उपासिकाहरू मध्येमा अग्रको उपाधि दिनुभयो।

एकदिन आफूले गरेको दान र पुण्य कर्मलाई सम्झेर उदान वाक्य गाउँदै थिई। बिशाखा गीत गाइरहेको सुनेर भिक्षुहरूले भगवानलाई भन्न गए कि– "भगवान्, बिशाखा गीत गाउँदैछिन्।" यस्तो सुनेर भगवान्ले उनीहरूलाई सम्झाउँदै भन्नुभयो जसरी निपूर्ण मालाकार विभिन्न प्रकारका फूलहरू बटुलेर अति सुन्दर फरक फरक मालाहरू उन्छन् त्यस्तै गरि बिशाखाको चित्त पनि विभिन्न प्रकारका पुण्य गर्ने मन भइरहेको छ। यसरी बुझाउनु हुँदै एउटा गाथा भन्नुभऱ्यो–

**यथापि पुप्फरासिम्हा कयिरा मालागुणे बहू।**
**एवं जातेन मच्चेन कतब्बं कुसलं बहुं॥**

*धम्मपद- ५३/१०*

जसरी फूलहरूद्वारा विभिन्न मालाहरू बनाइन्छन् त्यसरी नै जन्मेका प्राणीहरूले विभिन्न पुण्य गर्नुपर्छ।

बिशाखाको विशाल परिवार थियो। उनलाई आफ्ना नाति-नातिनीहरू प्रति अत्यन्त प्रेम थियो। एकदिन ती मध्येका एकजना नातिनी दन्तकुमारीको मृत्यु भएको थियो। बिशाखाले सहन सकिनन्। शोकले ब्याकुल हुँदै भगवान्लाई भेट्न गइन्। भगवान्ले सोध्नुभयो– "बिशाखा किन, तिमी दुःखी, दुर्मन भएर रुँदै छौ?"

"भन्ते! व्रत सम्पन्ना मेरी नातिनी दन्तकुमारीको मृत्युभयो।"

"बिशाखे! श्रावस्तीमा कति मान्छेहरू छन्?"

"भन्ते! हजुरले सात करोड बताउनु भएको होइन र?"

"बिशाखे, श्रावस्तीमा प्रतिदिन कति मर्छन?"

"धेरै मर्छन् होला भन्ते।"

"यसरी मर्दा तिमी रात दिन रुँदै कराउँदै घुम्छौ होला होइन?"

"भन्ते! रोक्नुहोस् अब मैले बुझें।"

"यसैले बिशाखा! शोक नगर्नु, शोक प्रेमको कारणबाट हुन्छ।"

भगवान्ले यसरी एउटा गाथा भन्नुभयो–

**पेमतो जायेते सोको पेमतो जायते भयं।**
**पेमतो विप्पमुत्तस्स नत्थि सोको कुतो भयं॥**

*धम्मपद- २१३/५*

- प्रेमले नै शोक उत्पन्न हुन्छ, प्रेमले नै भय उत्पन्न हुन्छ, प्रेम नभएकालाई शोक हुँदैन भने भय कहाँबाट हुन्छ?

यसरी बिशाखा आफूलाई आइपरेका समस्याहरू लिएर भगवान् कहाँ जाने गर्दथिन र भगवान्ले धर्म उपदेश दिनुहुँदै त्यसको समाधान गर्नु हुन्थ्यो। उनीलाई दिनुभएको उपदेश हाम्रा लागि पनि अत्यन्तै कल्याणकारी छन्, मंगलकारी छन्।

*(साभार- 'विपश्यना' वर्ष-३०, अङ्क-५, २०७० भाद्र)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–१३

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

## बुद्धका उत्तराधिकारी

बुद्धिमान मान्छेले मात्रै प्राप्त गर्न सक्ने सबै भन्दा उच्च तह नै बुद्धत्व प्राप्ति हो ।

धेरै मान्छेहरू सोध्छन् कि किन बुद्धले उत्तराधिकारी नियुक्त गर्नु भएन ? कसले पनि अर्कोलाई सम्यक् सम्बुद्धको स्थान लिन नियुक्त गर्न सक्दैन । बुद्धिमान मान्छेले मात्रै प्राप्त गर्न सक्ने सबै भन्दा उच्च शिखर बुद्धत्व प्राप्ति नै हो । यस उच्च स्थान प्राप्त गर्न त्यस व्यक्तिमा आफुलाई तालिम गर्ने, अनुशासित गर्ने नैतिक पृष्ठभूमि, सर्वज्ञ ज्ञान र सबै प्राणी माथि असाधारण करूणा जस्ता सच्चा योग्यताहरू हुनु पर्छ । त्यसैले कसैले पनि आफैलाई बुद्धत्व प्राप्तिको लागि योग्य बनाउने कष्ट उठाउनु पर्छ उदाहरण स्वरूप एउटा डाक्टरले उसको आफ्नै छोरालाई पनि डाक्टरको रूपमा नियुक्त गर्न सक्दैन जवसम्म छोरो चाहिंले आफूलाई डाक्टर वन्न योग्य बनाउँदैन । एउटा वकिलले अर्को व्यक्तिलाई वकिल नियुक्त गर्न सक्दैन जवसम्म ऊ आफुले चाहिने योग्यता हासिल गर्दैन । एउटा वैज्ञानिकले अर्को व्यक्तिलाई वैज्ञानिक नियुक्त गर्न सक्दैन जवसम्म त्यस व्यक्तिमा वैज्ञानिक वन्न चाहिने ज्ञान हुँदैन । त्यसैले बुद्धले उत्तराधिकारीको नियुक्त गर्नु भएन । यदि बुद्धले यस्तो गर्नु भएको खण्डमा पनि वहाँको स्थानमा आउने व्यक्तिमा बुद्धमा हुनुपर्ने सच्चा गुणहरू हुने थिएन् र अवश्यपनि अधिकारको दुरूपयोग गर्थ्यो होला र आम जनतालाई खराबी तिर लग्थ्यो होला ।

## पुनर्जन्म

### असन्तुष्ट इच्छा नै पुनर्जन्मको कारण

बौद्धहरूले पुनर्जन्मको शिक्षालाई मात्र एउटा शिक्षाको रूपमा लिन्दैन बरू एउटा प्रमाणित गरेर देख्न सक्नेको रूपमा लिन्दछन् । पुनर्जन्म प्रतिको विश्वास बुद्ध धर्मको एउटा प्रमुख सिद्धान्तको रूपमा रहेको छ ।

तैपनि, पुनर्जन्म प्रतिको विश्वास बौद्धहरूमा मात्रै सीमित रहेको छैन, अरू देश, धर्म एवं, स्वतन्त्र विचारकहरू मध्यमा पनि यस्तो विश्वास पाउन्छौं । पाइठागोरस आफ्नो ११ वटा पहिलाका जीवनका कुरा सम्झन सक्थ्यो । प्लेटोका अनुसार मान्छेले १० पटक सम्म मात्र पुनर्जन्म पाउन सक्तछ । अरू जनावरको रूपमा पनि पुनर्जन्म हुन्छ भन्ने कुरामा प्लेटो विश्वास गर्दथ्यो । इजिप्ट र चीनका पहिलेका मानिसहरूमा वादशाह र राजाहरू जस्ता प्रख्यात व्यक्तिहरूको मात्रै पुनर्जन्म हुन्छ भन्ने विश्वास थियो । प्रख्यात इसाई विद्वान ओरीगन (१८५-२५४ इ.स.) पनि पुनर्जन्ममा विश्वास गर्दथ्यो । उसको अनुसार नरकमा कुनै प्रकारको मानसिक पीडा हुन्दैन । १६ औं शताब्दीमा गोटान बुढो मान्छे र जनावरहरू सबैको आत्मा एक जीवनबाट अर्को जीवनमा प्रवेश गर्दछ भन्ने विश्वास गर्थ्यो । सन १७८८ मा प्रसिद्ध दार्शनिक कान्तले शाश्वत दण्डको आलोचना गरे । उसले अरू देवलोकमा पुनर्जन्म हुन सक्ने कुरामा विश्वास गर्थ्यो । अर्को दार्शनिक सोफेन हवर (१७८८-१८६०) का अनुसार जहाँ बाँच्ने इच्छा हुन्छ त्यहाँ आवश्यक जीवन हुनै पर्छ । बाँच्ने इच्छाले गर्दा जहिले पनि नयाँ जीवन बन्दै जान्छ । बुद्धले यस बाँच्ने इच्छालाई भव तृष्णा भन्नु भएको छ !

हाम्रो पुनर्जन्म बारे पत्ता लगाउन सजिलो नभएता पनि सम्भव चाहिं छ । हाम्रो मनको स्वभाव यस्तो छ कि धेरै जसो व्यक्तिहरूले पहिलेको जन्मका कुराहरू सम्झन सक्तैन । हाम्रो मनलाई ५ वटा बाधा (क्लेश) हरूले प्रभाव पारि राखेको हुन्छ–काम तृष्णा (इच्छा) ब्यापाद, अल्सीपना, चञ्चलपना र शङ्का, यी पाँच बाधा (दूषण) ले गर्दा हामीले यहींकै कुरा मात्र देख्न सक्छौं र अर्को जन्म बारे देख्न सक्तैनौं ! जसरी मैलो ऐनामा प्रतिविम्व देख्न सक्तैन, त्यसरी नै (दूषित) मनले पहिलेका जन्मका कुरा सम्झिन सक्दैन । दिनमा हामी ताराहरू देख्न सक्तैनौं–आकाशमा ताराहरू नभएर होइन बरू उनीहरूलाई सूर्यको प्रकाशले मलिन (धमिलो) पारी दिनाले नै हो । त्यसरी नै हामीले पहिलेका जन्मका कुरा सम्झन नसक्नुको कारण अहिले हाम्रो मन दैनिक घटनाहरू एवं लौकिक विषयहरू जस्तो वर्तमानले मात्र भरी रहेको हुनाले हो ।

यस संसारमा हाम्रो छोटो आयु (जीवन)लाई विचार गरेमा पुनर्जन्म बारे विचार गर्न हामीलाई सजिलो पर्ने छ – यदि हामीले जीवन र यसको वास्तवविक (परमार्थ) अर्थ र लक्ष्य एवं मान्छेले गर्न सक्ने विविध अनुभव तर्फ विचार गरेको खण्डमा हामी यो निष्कर्षमा पुग्ने छौं कि मान्छेले



Downloaded from http://www.dhamma.digital

उसले आफ्नो इच्छा गरेको कामहरू वारे कुरै नगरे पनि प्रकृतिले दिइएका ती सवै कामहरू बारे कुरै गर्न पनि उसलाई एउटै जीवनमा समय पुग्दैन । यसवारे प्रशस्त अनुभवहरू छन् । मान्छेमा अपार शक्तिको भण्डार लुकिरहेको छ जुन सुहाउँदो अवसर दिएको खण्डमा हामी देख्न, विकास गर्न सक्ने छौं । ज्ञान जसको सीमा एवं विभिन्नता अपरिमीत छ हाम्रो सामु छ। यो कुरा विशिष्ट अनुसन्धान नै नियम भएको आजको समयमा झन सत्य छ। हामी आफुमा उच्च अभिलाषाहरू पाउँछौं। तर ती पूरा गर्ने समय नै हुँदैन । त्यसरी नै लालच र इच्छाका सेनाहरू, स्वार्थी आकांक्षा एवं अभिलाषाहरूले हामी आफु भित्रै र अरूसित लडाई गराउँछ । मृत्युको समय सम्म पनि मानिसहरूले सामना गर्नु पर्दछ, हराउनु पर्दछ, अधिकारमा राख्नु पर्दछ र राम्ररी प्रयोग गर्नु पर्दछ। एउटा जीवन यी सवैको लागि प्रर्याप्त छैन। यी सवै सम्भाव्यताहरू हामी सामु राखेर हामीहरूको एउटै मात्र जीवन हुन्छ भन्नु र ती विकास गर्न सम्भव छ भन्नु यो ब्रह्माण्ड र जीवन माथि नै ठूलो र निष्ठुर व्यङ्ग गर्नु हो ।

बुद्ध धर्मको पुनर्जन्म बारेको सिद्धान्त अरू धर्मको आत्मा एक जीवनबाट अर्को जीवनमा प्रवेश गर्नु र पुनः अवतार लिने कुराहरू भन्दा फरक छ। बौद्धहरूले नित्य ईश्वरद्वारा सृष्टि गरिएको आत्माको अस्तित्त्व वा त्यस्तो अपरिवर्तनीय कुरा जुन एक जीवनबाट अर्कोमा प्रवेश गर्छ भन्ने स्वीकार गर्दैनन् ।

बौद्धहरू यो विश्वास गर्दैनन् कि सुख र दुःखको दुई अनन्तताको विचको यही नै एउटै मात्र जीवन हो, न त उनीहरू यो नै विश्वास गर्दछन् कि देवदूतहरूले उनीहरूलाई स्वर्गमा लग्ने छ र त्यहाँ उनीहरू अनन्त कालसम्म रही रहने छन्। सत्वहरूका असंख्य अवस्थाहरू मध्ये यो वर्तमान जीवन एउटै मात्र (जीवन) हो । यस सांसारिक जीवन धेरै कथाहरू विचको एक उप-कथा मात्र हो भन्ने कुरामा पनि विश्वास गर्दैनन् । उनीहरू यो विश्वास गर्छन् कि जव सम्म उनीहरूको अर्ध-चेतन मनमा असल र खराब कर्महरू बाँकि रहेका हुन्छन्, तब सम्म सबै जीवहरू कहीं न कहीं केही समय सम्मको लागि पुनर्जन्म हुनेछन् ।

पुनर्जन्मको कारण के हो त ? बुद्धले भन्नु भएको छ अज्ञानताले इच्छा (तृष्णा) उत्पन्न गराउँछ र असन्तुष्ट इच्छा नै पुनर्जन्मको कारण हो । जब सवै असन्तुष्ट इच्छाहरूको निर्मुल हुन्छ, तव पुनर्जन्म पनि हुँदैन । पुनर्जन्म रोक्नु नै इच्छाहरूको निर्मुल गर्नु हो। इच्छाको निर्मुल गर्न अज्ञानतालाई खत्तम पार्नु पर्दछ। जब अज्ञानता नष्ट हुन्छ तव त्यहाँ प्रत्येक पुनर्जन्म, जुन आफैमा अन्त छ, केहि दोषहरू एवं त्यस प्रकारको जीवन पद्धतिको, जसद्धारा वारम्वार जन्म लिनुपर्ने आवश्यकतालाई खत्तम गर्न सकिने छ, परम आवश्यकतालाई बुझ्ने छ । अज्ञानताले गर्दा नै एउटै मात्र जीवन छ, एउटा जीवन पछि दुःख र सुखको अनन्त अवस्था आउँछ जस्ता भ्रमपूर्ण, युक्ति सङ्गत नभएका विचारहरू राखेका हुन्छन् ।

बुद्धले अज्ञानतालाई हटाउनु सक्तछ र चार आर्यसत्यद्धारा दुःखको अन्त्य गर्न सक्छ भनेर सिकाउनु भएको छ। अज्ञानता हटाउनको लागि हामीले धैर्यपूर्वक आचरण, बुद्धि ज्ञान र बोधिसत्व गुणको अभ्यास गर्नु पर्दछ । हामीले निम्न तहको व्यक्तिगत सुखको सवै आशाहरूको अन्त गर्नु पर्दछ ।

पुनर्जन्म कसरी लिइन्छ ? यो भौतिक देह बेकम्मा भैसके पछि संस्कारहरू यसैसित अन्त्य हुँदैनन् बरू अर्के प्रकार आकार वा स्वरूप लिन्छन् । जसलाई हामी अर्को शब्दमा अर्को जन्म भन्छौं। मनुष्यको रूपमा प्रकट भइरहे को कर्म-शक्ति जनावरको रूपमा पनि प्रकट हुन सक्छ। यस्तो तब हुन्छ, जब मान्छेले आफ्नो कर्मलाई विकास गर्न सक्दैन । यो शक्ति-तृष्णा,इच्छा, संस्कार बाँच्ने आकांक्षा इत्यादि शरीरले काम गर्न छोड्दैमा अन्त हुँदैन बरू यो अर्को जीवन बनाउँदै अर्को आकारमा प्रकट भइ रहन्छ जसलाई पुनर्जन्म भनिन्छ ।

अहिले पनि यस्ता मानिसहरू छन् जसले आफ्नै इच्छाले पहिलेका जीवनका स्मरण गर्ने शक्तिको विकास गरेका छन् । यी व्यक्तिहरूका अनुभवहरू अखवार एवं पत्रिकाहरूमा राम्ररी प्रकाशित भएका छन् । यी मध्ये केही व्यक्तिहरूले आफ्ना पहिला जीवनका कुराका केही सम्झना नभएसम्म पुनर्जन्म छ भन्ने कुरा कहिल्यै पनि स्वीकारेका थिएन । उनीहरूका धेरै कुराहरू (सम्झना) बारे अनुसन्धान गरेका छन् र सत्य सावित भएका छन् ।

सम्मोहनद्वारा केही व्यक्तिहरूले पहिलेका जीवन बारेका कुराहरू पत्ता लगाएका छन्। केही सम्मोहनद्वारा वसीभूत अवस्थाहरूले अर्धचेतन मनसम्म प्रभाव पारेर पहिलेका जीवनको कुरा सम्झिन सम्भव तुल्याएको छ ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# पशुबली

✍ नरेन्द्रनाथ भट्टराई

सही अर्थमा जो पाशोमा बाँधिएर रहन्छ, त्यसै लाई पशु भनिन्छ। धन र पदको पाशो सबैभन्दा कडा पाशो हो। काम,क्रोध,लोभ, मोह र अहंकार, यी पाँच पाश पनि मानिसलाई बाँध्ने कडा पाशोहरू हुन्।

राक्षसकालीन समयदेखि धर्मको नाममा जीव हत्या गर्ने प्रथा जुन अहिलेसम्म पनि बलिको नाममा चलिरहेको छ, त्यो बलि होइन हिंसा हो। बलिको सही अर्थ त त्याग हो।

बलि दिने भनेर महाअष्टमीको दिन एकजना मानिसले बोका रेट्न लाग्दा त्यो बोको हाँसेछ। किन हाँसिस् भनी मानिसले सोध्दा, "कहिलेसम्म तिम्रो र मेरो यो क्रम चलिरहने होला भनी सम्झेर हाँसेको" भनी बोकाले भन्यो। तिम्रो कुरा मैले बुझिन भनि ती मानिसले भन्दा बोकाले भन्यो–

"सात जन्मदेखि तिमी र म बोको र मानिस हुँदै एकले अर्कोलाई बदला लिंदै यसै गरी रेट्ने र मार्ने काम गर्दैछौं। अब अर्को जन्ममा तिमी बोको हुनेछौ म चाहिं मानिस हुनेछु। तिमीलाई यसैगरी मारेर म तिम्रो मासु खानेछु। त्यसै बखत एकजना भिक्षु त्यहाँ आइपुग्नु भयो। ती मानिसले बोकोले भनेको सबै कुरा भिक्षुलाई बताउँदै बलि दिनु धर्म होइन र ? "भनी सोधे। भिक्षुले भन्नुभयो– "बोकाले भनेको कुरा साँचो हो मारकाट गर्नु पाप हो। बलि भनेको आफूमा भएको पाशविक मनोवृत्ति त्याग गर्नु हो। भगवती देवी सबै जीवकी माता हुन्। आमाले आफ्ना छोराछोरीलाई माया गर्नु हुन्छ, तिनलाई मारेको र मरेको देख्न चाहनु हुन्न। जीव हत्या गर्नेहरू राक्षस हुन्। यस्तो कुप्रथा राक्षसहरूले चलाएका हुन्। अर्को कुरो, मानिस मांसाहारी जन्तुहोइन शाकाहारी हो। जस्तो आहार उस्तै स्वभाव हुने हुनाले मानिसले मासु खायो भने उसको स्वभाव पनि मांसाहारी जन्तु बाघ, भालु,ब्वाँसो, कुकुर, बिरालो, स्याल, गिद्ध चिल, काग आदि जन्तुको जस्तै आक्रामक हुन्छ। यसै कारणले आजकालका मानिसको स्वभाव यस्तो भएको हो।" यति भनी भिक्षु फर्कनुभयो। ती मानिसले पनि बोको मारेन बरू माया गरेर पालिराखे।

एक ठाउँमा त बलिको नाममा जीव हत्या गर्नुलाई यतिसम्म पनि लेखिएको छ। "मारकाट गरी र मासु खाने मानिस १०० जन्मसम्म जीव जन्तुको कीर्ना र जुम्रा भएर जन्मनुपर्दछ।" ❖

### ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) प्रकाश वीरसिं तुलाधर, लाजिम्पाट रु. १५००/–
२) केशचन्द्र शाक्य, बनेपा, रु. ५००/–
३) अपर्णा वज्राचार्य रू. ५००।-
४) आई. सि.सि. नेपाल तथा नवजुनकीरी मासिक पत्रिका बनेपाबाट बालिकाहरूलाई फलफूल तथा स्टेशनरी सामान वितरण
५) बिष्णु प्रसाद रंजित, कुलेश्वरबाट दि. बिष्णु भक्त रंजितको पुण्यस्मृतिमा भोजन प्रदान
६) स्व. जनक माया रंजितको पुण्यस्मृतिमा वहाँका परिवारबाट फलफूल तथा खाद्यान्न प्रदान
७) प्रेमज्योति शाक्य, बनेपा स्व. माता पञ्चमाया शाक्यको पुण्यस्मृतिमा भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान

## मां झीत माः

✍ लेलिन शाक्य

सकल प्राणीया श्रष्टा खः मां
थ्व सासः सासलय् मां झीत माः
सुख दुखया अभिन्न भर्ता खः मां
थ्व पलाः पलाखय् मां झीत माः
स्वया च्वनीमखु सन्तानया पीडा
सान्त्वना बीम्ह मां झीत माः
स्वइमखु बेक्वः गु मिखां वं सन्तानयात
नुगः मिखां स्वइम्ह मां झीत माः
दुः खया खुसी बाः न्ह्याक्व हे वः सां
सुखया स्वां ह्वय्कीम्ह मां झीत माः
स्याः खः सन्तान मांया थः गु
लाख सुवाः बीम्ह मां झीत माः।



Downloaded from http://www.dhamma.digital

# सुख र शान्तिको लागि बुद्ध धर्म

✍ देवकाजी शाक्य

**परिचय–** सबभन्दा पहिला माथि दिइएका शीर्षकको विषय बुद्धज्योति अन्तर्राष्ट्रिय संघको १२ औं सम्मेलनमा पस्तुत गरिएको कुरा बताउन चाहन्छु जुन विषयले २१ औं शताब्दीको आधुनिक वस्तुस्थिति सन्दर्भमा बुद्ध धर्मलाई कसरी स्पष्ट व्याख्या गर्ने र बुझ्ने भन्ने कुरा थाहा पाउन मद्दत गर्दछ। प्रचलित र परम्परागत धार्मिक अर्थमा मात्र सीमित नगरी जीवन पद्धतिको रूपमा तर कुनै पनि धार्मिक विश्वास, क्षेत्र, जाति,रङ्ग भौगोलिक र राजनीतिक सीमामा सीमित गरी दर्शनको आधारमा भेदभाव नगरी बुद्ध धर्मलाई वर्णन र व्याख्या गर्नु जरूरी छ।

छोटो परिचयको रूपमा मात्र भन्नु पर्दा बुद्ध ज्योति अन्तर्राष्ट्रिय संघ मानव मात्रको सेवामा समर्पित संस्थाको रूपमा श्रद्धेय भिक्षु सिङयुनले १६ मे १९९२ मा स्थापना गर्नु भएको थियो र जुलाइ २००३ मा संयुक्त राष्ट्र संघको समाजिक र आर्थिक परिषदको विशेष परामर्श समितिको दर्जा सहित गैरसरकारी संस्थाको रूपमा बि.एल.आइ.ए ले मान्यता पाएको थियो।

बि.एल.आइ.ए. को मानवीय भावना, परिकल्पना र मानवीय कल्याणकारी अभियानबाट प्रचलित र प्रोत्साहित भई हामीले नेपाल च्याप्टरलाई सन् २००३ मा पुनर्जीवन प्रदान गरी नेपाल र नेपाल बाहिरका मानिसहरूको सेवा गर्न अघि बढ्ने साहस गर्यौं।

बि.एल.आइ.ए. को एउटै लक्ष भनेको मानव मात्रलाई विश्वास, सुख आनन्द, आशा र सुविस्ता प्रदान गरी सुरक्षित, सद्भावपूर्ण समाज र समानतामा आधारित मर्यादित विश्व स्थापना गर्ने भएको हुनाले यो आफैले छानेको गन्तव्यमा लगातार अघि बढिरहेको छ। यसले गर्दा बि.एल.आइ.ए विश्वका मानिसहरूको हृदय जित्न समर्थ भएको छ। यही कारणले गर्दा विश्वका ६० वटा मुलुकहरूमा १७० वटा शाखाहरू १००० वटा प्रशाखा र १० लाख भन्दा बढी मानिसहरूका सदस्य संख्या सहित बि.एल.आइ.ए विश्वभरी फैलिएको छ।

अब म विषयवस्तुमा प्रवेश गर्न अनुमति चाहन्छु :

**साँच्चैको सुख शान्ति –**

**सुखा सङ्घस्स सामग्गी, समग्गानं तपो सुखो**

बुद्धले भन्नुभयो, “सद्भावनामा सँगै मिलेर बस्नु वा बाँच्नु सुख हो। यहाँ संघले भिक्षु समुदायलाई जनाउने भएपनि, भिक्षु संघ कुनै पनि समूहको लागि उदाहरणीय नमूना बन्न सक्छ। यस्तो भनेको संघले ठूलो वा सानो समूह, समुदाय, राज्य वा विस्तृत अर्थमा विश्व भातृत्व संघलाई पनि जनाउँछ। संघको एकता सुख हो। एकावद्ध भई बसेकाहरूका अनुशासन नै सुख हो। साझा भलाइको लागि सँगै मिलेर काम गर्नुको अर्थमा आध्यात्मिक अभ्यास साँच्चै सुख हो।” यही सुखले मानवीय चित्त र समाजमा साँच्चैको सुख र शान्ति ल्याउँछ।” शान्ति भन्दा अर्को उच्च सुख छैन। बुद्ध धर्ममा निर्वाण नै परम शान्ति हो र यो नै सर्वोत्कृष्ट तहका सुख हो।

**धर्मको स्पष्ट महत्व –**

बुद्धले जे जति सिकाउनु भयो, धर्मकै विषयमा सिकाउनुभयो-आध्यात्मिक अभ्यास, आध्यात्मिक जागरण, मानवीय तहमा आध्यात्मिक उत्थान र मानिसहरूलाई सम्यक् चिन्तन, सम्यक् बचन, ठिक समयमा ठिक कार्य गर्ने विषयमा मानिसहरूलाई उपदेश दिनुभयो। बुद्ध धर्मले शील, समाधि र प्रज्ञाबारे नै बताउँछ जसले धर्मको तरिकाले बाँच्न अभ्यास गर्न निर्देशन प्रदान गर्दछ। पूर्णताको जीवन सिकाउने बुद्धको उपदेश नै मानवीय बुद्ध धर्मको केन्द्रबिन्दु हो।

यदि मानवको हृदयमा शान्ति ल्याउन सक्तैन भने धर्मको उपयोग वा उपादेयता के हुन्छ र ? धर्म चित्तको शान्तिको लागि हो, मानिसहरूका हृदयको शुद्धिकरणको लागि हो भने यसले उनीहरू बस्ने र बाँच्ने समाजमा ठूलो प्रभाव पार्छ। यदि मानिसको साँच्चैको जीवनबाट धर्मलाई अलग्ग राख्ने हो अथवा यसलाई समाजको सदस्यको रूपमा रहेको मानिसको दैनिक जीवनको अभिन्न अङ्ग नबनाउने हो भने धर्मको महत्त्व हराउँछ। यो विश्वबाट अलग्ग अर्को लोकको धर्म बुद्ध धर्म होइन। बुद्धले भन्नुभयो, “म समाजको एक हिस्सा हुँ, यही समाजमा धर्मको स्थापना र अभ्यास हुनुपर्छ।” यहाँनिर एउटा उल्लेखनीय एउटा घटनाको उल्लेख गर्नु सान्दर्भिक हुन्छ जसमा बुद्धले अघिदत्त भन्ने ब्राह्मणलाई उपदेश दिनुभयो। संसारको दुःखबाट मुक्त हुन एकान्तवास



Downloaded from http://www.dhamma.digital

जङ्गलको शरण लिनुपर्दछ भन्ने उनको भ्रम निवारण गर्न बुद्ध, धर्म र संघको शरणमा जानु नै संसारको दुखबाट मुक्ति प्राप्त गर्ने उपाय हो भनेर बुद्धले उपदेश दिनु भयो ।

यो उपदेशबाट के स्पष्ट हुन्छ भने मानवीय समूहबाट अलग्ग भएर एकान्तवासको लागि यस संसार बाट भाग्ने प्रवृत्तिलाई बढावा दिन बुद्धले धर्मले शिक्षा दिंदैन । जेन बुद्धधर्मको छैठौं संरक्षक हुइ नेङको भनाइमा धर्म खोज्न यो संसारलाई छोड्नु भनेको सिंग भएको खरायो खोज्नु जस्तै हो । यसले व्यक्तिलाई र व्यक्तिद्वारा आफू रहने समाजलाई र विस्तृतअर्थमा विश्वलाई भलाइ गर्न सक्तैन भने साँच्चैको अर्थमा यो धर्म नै हुन सक्तैन । बुद्ध धर्मलाई अनन्त, अत्यन्त आनन्ददायी, सबैको कल्याण गर्ने र जीवनउपयोगी धर्मको रूपमा अर्थ्याउनु कुनै अत्युक्ति हुने छैन । बुद्ध धर्म सांसारिक सुख भोग तिलाञ्जली दिई गृह त्याग गर्ने भिक्षुहरूका निमित्त मात्र नभई गृहस्थ धर्म निर्वाह गर्नेहरूका लागि पनि हो ।

**मानवता बुद्ध धर्मको केन्द्रविन्दु –**

बुद्ध धर्मको मानवीय दृष्टिकोणले मानवलाई केन्द्रविन्दु बनाइ दिएको छ र यसले मानवको सम्पूर्ण व्यक्तित्व, उनको संवेगात्मक, सामाजिक, मनोवैज्ञानिक, राजनीतिक, शारीरिक एवं मानसिक पक्षलाई दृष्टिगत गर्दछ ।

यहाँनिर 'बुद्ध' शब्दलाई व्याख्या गर्नु तर्कयुक्त र सान्दर्भिक हुन्छ, जुन शब्दले व्यक्ति विशेषको नाम गौतम बुद्धलाई जनाउँदैन । हामी यहाँ 'बुद्ध' भएको गौतम जो सम्यक सम्बुद्ध, बोधिज्ञान प्राप्त गरेको, सम्पूर्ण रूपमा बोध गरेको अथवा सम्पूर्णता प्राप्त गरेको भनेर, उल्लेख गर्दछौं । उहाँ यस्तो व्यक्तित्व हुनुहुन्थ्यो जसले जीवनको यथार्थता बुझ्नु भयो । सत्य तथ्यलाई उहाँ आफैले अनुभव गरी बुझ्नु भयो । उहाँ मानव हुनुहुन्थ्यो, तर पूर्णमात्रामा मानव, सर्वगुण सम्पन्न मानव जसले जीवनलाई जान्न धैर्यपूर्वक परिश्रम गर्नुभयो, जीवनको यथाभूत,अनित्य, दुःख र अनात्म स्वरूपलाई चिन्नुभयो, थाहा पाउनु भयो । बाह्य अलौकिक अदृष्य शक्तिले गर्दा उहाँ बुद्ध बन्नु भएको थिएन । उहाँले एक जना मानवमा अगाध, अपार शक्ति र क्षमताहरू देख्नु भयो जसलाई हामी बुद्ध प्रकृति भन्छौं, जुन धर्मको असाधारण बल, सद् विचार, सद्भावना र सत्कार्यहरूद्धारा प्रस्फुटिट हुँदै जान्छन् ।

आफ्नो मौलिक प्रकृति अनुसार मानवीय चित्त शुद्ध र चोखो हुन्छ तर बाहिरी प्रदुषणको स्पर्शमा आएपछि यो दुषित हुँदै जान्छ । बडो आशावादी ढंगले बुद्ध धर्मले हरेक मानव बुद्ध हुन् भनेर घोषणा गर्दछ तर यो बुद्ध शुषुप्त अवस्थामा हुन्छ जुन अनुकुल समय र मौकामा भने प्रकट हुन्छ । मानवीय बुद्ध धर्मका प्रवर्तक श्रद्धेय भिक्षु सिङ्ग युनले भन्नु हुन्छ, "मानवीय पथ नै बुद्धत्व प्राप्ति सम्मको पथ हो। यदि तिमी बुद्ध बन्न चाहन्छौ भने पहिला सम्पूर्ण रूपले मानव बन । मानवीय मूल्य मान्यताहरूलाई पूर्ण रूपले चिन, आदर गौरब गर र ती गुणहरूलाई व्यावहारिक जीवनमा अभ्यास गर जसले गर्दा तिमीमा अन्तरनिहित "बुद्ध प्रकृति" विस्तारै प्रकट हुँदै जान्छ ।" श्रद्धेय भिक्षु ताइ सु ले भन्नुभयो, "मानवीय प्रकृतिद्वारा हामी बुद्धत्व प्राप्त गर्दछौं । जब तिमी पूर्ण रूपले मानव बन्छौ, तिमी बुद्ध बन्न सफल हुन्छौ ।" बुद्ध धर्मको गहन सत्य यही हो । यो दृष्टिकोणबाट हेर्दा बुद्ध धर्मलाई सर्वसाधारण सबैले बुझ्ने परम्परागत अर्थमा बुझ्ने 'धर्म' होइन । धर्मको अर्थ ठीक तरिकाले जीवनयापन गर्नु हो जसले हामी आफैलाई छिमेकीहरू, समाज, मुलुक हुँदै सम्पूर्ण विश्वलाई समेत भलो र कल्याण हुने होस् । यसकारण हामी भन्न सक्छौं, बुद्ध धर्म र यसको मानवीय दृष्टिकोणले हामीलाई दुःख कष्टले भरिएको सहालोकमा शान्त र सुखपूर्वक पूर्ण सफलताका साथ बाँच्न जीवनको रूपरेखा कोरिदिन्छ । बुद्ध धर्मले कुनै पनि किसिमको धार्मिक, छेत्रगत, सामाजिक, साँस्कृतिक र राजनैतिक सिमाङ्कन मान्दैन । डा. मललसेकेरा र डा. राहुल वालपोल जस्ता महान विद्वानहरूले राम्ररी बुझेका छन् कि बुद्ध धर्म बौद्धिक जगतका तर्क वितर्क, छलफलका लागि विषय होइन । बुद्ध धर्म जीवित धर्म हो । प्राध्यापक ह्युवर्ट डर्टले भन्नु हुन्छ, "यो त विश्वव्यापी धर्म हो जसले एक क्षेत्रको पक्ष अर्को पक्षको विरूद्ध वकालत गर्दैन ।" यो बुद्ध धर्मले कुनै किसिमको साँस्कृतिक, सामाजिक र राजनीतिक सीमितताको घेरालाई नाघिदिन्छ ।

*क्रमशः*





Downloaded from http://www.dhamma.digital

# धर्मात्मा र बाँदर

✍ **प्रभा बराल**

बिहानको समय थियो, बाबु र छोरा गऱ्हौं झोला बोकेर स्वयम्भूको उकालो उक्लिरहेका थिए । बाँदर र बाँदर्नी नजिकैको रूखबाट उनीहरूलाई हेरिरहेका थिए । यत्तिकैमा बाँदरकी श्रीमतीले श्रीमान्लाई भनी, 'बूढा तिनीहरूले झोलामा के ल्याएका छन् होला है ? कस्तो भोक लागिरहेछ ।'

'जे ल्याए पनि म खोसेर ल्याइहाल्छु नि, एकछिन पख है त', यति भन्दै बाँदर एक रूखबाट अर्को रूखमा हामफाल्दै बाबुछोराबीच पुग्यो । छोरो अघिअघि हिँडिरहेको थियो । बाँदरले बाबुलाई झम्टेको देखेर बालक तर्सिएर लड्यो । बाबुले बाँदरलाई जिस्क्याउनु बुद्धिमानी ठानेनन् । आफ्नो पोको जस्तोको तस्तै बाँदरलाई दिए । बाँदरले झोला खोसेर लगेपछि छोरा रून थाल्यो । जति संझाउन खोजे पनि मान्दै मानेन उसले बाँदरले झोला लगिदिएकोमा ऊ चिन्तित थियो । बाबुसँग फर्काएर ल्याउन आग्रह गर्दै थियो । त्यसपछि छोराले अलि चित्त बुझायो । खुरूखुरू हिँड्न थाल्यो ।

यी सारा दृश्य बाँदरकी श्रीमतीले रूखबाट हेरिरहेकी थिई । आफ्नो बूढाको कारणले बालक लडेको र रोएको देख्दा उसलाई साहै नरमाइलो लाग्यो । फेरि सबै खानेकुरा बाँदरलाई नै बाँड्न ल्याएको भन्ने सुन्दा उसलाई झन् नमीठो लाग्यो ।

बाँदर निकै खुसी हुँदै श्रीमती नजिक पुग्यो र झोला बिसायो । अघि सम्म भोक लाग्यो भन्ने श्रीमतीले झोला खोतल्न कुनै हतार नगरेको देख्दा उसलाई अचम्म लाग्यो । उसले श्रीमतीतिर फर्किएर सोध्यो, 'अघि निकै भोक लाग्यो भन्थ्यौ, अहिले झोला नै हेर्दिनौं त ?"

'हाम्रो कारणले बालक रोएको देख्दा सारा भोक मऱ्यो', बाँदरकी श्रीमतीले भनी 'छोडिदिऊ त्यस्ता कुरा नगर, बरू के रहेछ झोलामा म आफैं हेर्छु,' बाँदर झोला खोतल्न थाल्यो । झोलाभरि पोलेका मकै र केरा देखेर ऊ असाध्यै खुसी भयो । झोला खोलेर हेर्दै उसले भन्यो,'हेर त झोलामा थुप्रै खानेकुरा पो रहेछ, अब त बसीबसी खानुपर्छ केही दिन । तिमी पनि बिरामी छौ । यो त हामीलाई भगवान्ले नै पठाएजस्तो छ बुझ्यौ ?'

बाँदर्नीलाई बाँदरका कुराले आकर्षण गरेन । उसले बाँदरतिर फर्किएर भनी,'बूढा एउटा कुरा भन्छु, मान्छौ ?'

'भन न के कुरा हो,' उसले उदास अनुहारमा भनी, 'तिमीले जसको झोला तानेर ल्यायौ, वास्तवमा ती त ठूला धर्मात्मा रहेछन्, उनले हामी सबैलाई बाँड्न भनेर खानेकुरा ल्याएका रहेछन्, त्यसैले यो हामीले मात्र खान हुँदैन । उनलाई नै लगेर फिर्ता गर ।'

'कति दुःख गरेर ल्याएको झोला फेरि फिर्ता गर्ने ?' बाँदर अनकनायो । बिरामी श्रीमतीले भनेको कुरालाई नाइँ भन्न पनि सकेन । एकछिनपछि झोलाबाट दुईचारवटा केरा र एउटा मकै झिक्यो अनि बूढीतिर फर्किएर भन्यो, 'ल यतिचाहिँ खाइहाल, तिमी बिरामी छौ, हातमा आएको खानेकुरा के छोड्नु ।'

बाँदर्नीले बूढाको यो अनुरोधलाई नाइँ भन्न सकिन र हातमा लिई । बाँकी खानेकुरा लिएर बाँदर धर्मात्मा बूढालाई खोज्न हिँडयो ।

बाबुछोरा स्वयम्भूको टुप्पोमा पुग्नै लागेका थिए । ठाडो उकालोमा झोला दिँदा आत्तिएर लड्ने डरले उनीहरू माथि नगइन्जेल बाँदर अलि माथिको रूखमा गएर धर्मात्मा मानिसलाई पर्खियो । बाबुछोरा स्याँस्याँ गर्दै मन्दिरको टुप्पोमा पुग्नै लागेका थिए । माथि टुप्पोमा आइसकेपछि खानेकुराको झोला धर्मात्मा मान्छेको काखमा फ्याँकेर बाँदर अलप भयो ।

आफ्नो झोला जस्ताको तस्तै फिर्ता आएको देख्दा धर्मात्मा मान्छेलाई अचम्म लाग्यो । उसले यताउति हेऱ्यो, केही देखेन । अलि परको एउटा रूखमा बाँदरको झुन्ड थियो । तर, उसले झोला लैजाने बाँदरलाई चिन्न सकेन । झोलाभित्रका खानेकुरा ती धर्मात्मा मान्छेले सबैलाई बाँड्यो । सबै बाँदर फलफूल र पोलेको मकै खान थाले ।

यो दृश्य झोला खोस्ने बाँदरका बूढाबूढीले रूखबाट हेरिरहेका थिए । सबै बाँदरलाई खानेकुरा बाँडेकोमा रूखमा बसेका बाँदरलाई अचम्म लाग्यो ।

*(साभार- 'अन्नपूर्ण' २०७० पुस ६ गते, शनिवार)*



Downloaded from http://www.dhamma.digital

# लुम्बिनीको पवित्रता

## “शान्ति र प्रेमको भावना” अँगाले समाज र राष्ट्रको कल्याण हुनेछ

✍ दीपकुमार उपाध्याय

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धको सम्झना गरिन्छ तर उनका उपदेशविपरीत अन्याय र अत्याचारको मार्ग समातेका कारण हामी लामो समयदेखि अशान्तिको अन्त्यहीन यात्रा गरिरहेका छौं । त्यस्तो यात्रा छोडेर बुद्धका उपदेश आत्मसात गरी अघि बढ्ने हो भने नेपाल शान्तिको देश भनेर अझै पनि विश्वमा चिनाउने अवसर हामीसँग सुरक्षित छ । नेपाल बुद्ध र सगरमाथाको देश भनेर यसै पनि हामी संसारभर परिचित छौं । विश्व जनसंख्याको करिब एकतिहाइ मानिस बुद्ध धर्म मान्नेहरू छन् । यसप्रति आकर्षित हुनेहरूको संख्या दिनप्रतिदिन बढ्दो छ । अरू धर्मप्रति विमति नहुन बुद्ध दर्शनको प्रमुख सम्मानित पक्ष हो । विश्व उन्नयन र शान्तिको बाटोमा हिँडिरहोस् भन्ने २५ सय वर्ष अगाडिको बुद्धको उपदेश आज पनि उत्तिकै सान्दर्भिक हुनु उनको सौन्दर्यको पक्ष हो । सम्पन्नता र शक्तिमा नै शान्ति देख्नेहरूका चिन्तनको उपज आज विश्वमा अशान्ति छ, सुख छैन, व्यक्तिलाई जीवन के हो भन्ने अनुभूति हुन सकिरहेको छैन । किन हामी यो कुरा मननगर्न चाहँदैनौं? गौतम बुद्धले यस्तै सन्देश छोडेर गएका छन् । उनका उपदेश अनुशरण गर्ने हो भने हामी सम्पन्नताको शिखरमा लम्किने छौं । त्यसका लागि मानसिक सत्यको विकास र मानव भावनाको बृद्धिको खाँचो छ ।

बुद्धधर्म र दर्शन अहिले विश्वमा लोकप्रिय छ । विश्वको आधा जनसंख्या बुद्ध धर्म र दर्शनप्रति आकर्षित छ । सिद्धार्थ गौतम बुद्ध नेपालको लुम्बिनीमा जन्मिएर २९ वर्ष कपिलवस्तुको राजदरबार तिलौराकोटमा बिताएको इतिहास छ । ककुच्छन्द बुद्ध र कनकमुनि बुद्ध कपिलवस्तुको तिलौराकोट दरबारभन्दा दक्षिण र उत्तरमा जन्मिएको इतिहास छ । सम्राट्र अशोकले अशोक स्तम्भ राखेको हुनाले पनि यसको थप पुष्टि हुन्छ । चिनियाँ यात्री फाहियान र हुयनसाङ्ग यात्रा डायरी र विभिन्न अभिलेखबाट प्रमाणित भएका विषय हुन् यी । महत्त्वपूर्ण र ऐतिहासिक स्थल भएकाले लुम्बिनी क्षेत्रप्रति बुद्ध धर्म र दर्शनमा आस्था राख्नेहरू मात्र नभई विश्वकै शान्तिकामी जनताको ठूलो आकर्षण छ । त्यसैले पनि बुद्ध जन्मस्थलो लुम्बिनीको कपिलवस्तुस्थित तिलौराकोटलाई बौद्ध धर्मावलम्बीको पवित्र तीर्थस्थल बनाउन हामी तीतामीठा अनुभव र अनुभूति बिर्सेर राजनीतिक आग्रह-पूर्वाग्रह नराखी अघि बढ्नुपर्छ । *क्रमशः*

# जन्म त भयो

✍ सुमेधावती

जन्म त भयो मानिस
सार असार नै जानेन
सबै प्राणीले जन्म त लिन्छ
प्राणीमात्र होइन मानिस नै बन्नुपर्ने ।

मानिस भएर असार भावमा नै बाँच्ने हो भने
सारको महत्व बुझेर बाँच्ने कहिले ?
खान लगाउनको लागि मात्र जन्म लिने हो भने
विवेकवान् शीलवान् भएर जीउने कहिले ?

पशुपंक्षीमा त चतेना हुन्छ भने
मानिसमा हुनुपर्ने चेतसिक कहाँ ?
दमन हिंसा, तुच्छ व्यवहार मात्र गरी
शक्षम, चोर र डाँका किन हुने ?

होश कता गयो ज्ञान कहिले आउने ?
मन र मस्तिस्कको काम के रह्यो ?
सम्यक दृष्टि र सम्यक व्यायाम कता ?
अहं, म र मेरो कहिले सम्म रहने ?

समस्या मात्र उत्पन्न गर्ने
अरुको दुः ख र कष्टलाई नदेख्ने
मैत्री करुणा रत्तिभर उत्पन्न नहुने
दान, शील, भावनालाई नबुझ्ने

मान्छे त भयो जन्म नाम मात्रको
मानिस बन्न धर्म र शिक्षा अधुरै
कुन जन्मको पुण्यले जन्म भएछ
मान्छे भएर प्राणी समान बाँच्न पाएको ।



Downloaded from http://www.dhamma.digital

# वर्षावास व कथिन विस्तर-छगू अध्ययन-१

✍ **भिक्षु उपतिस्स**

बौद्ध भिक्षुपिनिगु वर्षावास च्वनेगु नियम गुबले निसें आरम्भ जुल धकाः स्पष्ट रूपं धाय्‌गु अःपु जुइ मखु । वर्षावासया विषय अध्ययन अनुसन्धान मयासे वर्षावास नापं सम्बन्धितगु विनय नियम थुइका काये फइमखु । बौद्ध विनय साहित्य अनुसार विचार विमर्श याय्‌बले वर्षावासया आरम्भ गौतम बुद्धया समय निसें जूगु खः धकाः निर्णय यायेगु उचित मजू । वसपोल बुद्ध जन्म जुइ न्ह्यवः तण्हंकर आदि यक्व बुद्धपिं जन्म जुयाः यक्वसित सुगति व निर्वाणया लँपु क्यना बिज्याःगु खँ बौद्ध साहित्यय् उल्लेख जुयाच्वंगु दु । उकिं भिक्षुपिनिगु वर्षावास च्वनेगु नियम गुगु सम्प्रदाय कथं प्रत्येक वर्षय् निरन्तर कायम जुयाच्वंगु खने दु, व सम्प्रदाय गौतम बुद्धया न्ह्यवःनिसें आरम्भ जुया वःगु सिइ दु ।

पुलापिं बुद्धपिनिगु धार्मिक सम्प्रदाय गुकिं आपालं मनूतेगु इहलोक व परलोक जीवन सुखमय जूगु खः, गौतम बुद्धं नं थ्व हे सम्प्रदायया दुनेलाःगु नियमयात निरन्तरता बिया बिज्याःगु जुल । अथे खःसा वसपोल थः बुद्ध जुयाः गुबले निसें (थःगु शासन कालय्) वर्षावास च्वनेगु नियम प्रतिपादन याना बिज्यात धयागु खँ स्पष्ट थुइकेत ला अध्ययन मयाय्‌क फइ मखु । छाय्‌धाःसा विनयय् गुलि नं नियमत दु, व दक्व छकलं प्रतिपादन याःगु नियमत मखु । भिक्षुपिनिगु बिचय् विविध घटना जू थें तुं उकिया परिणामं नियम लागु यायेमाःगु स्थिति वःगु जुल । थुगु प्रकारं घटनाक्रम थपे जूलिसे बुद्ध परिनिर्वाण मजूतले नियमत प्रज्ञप्ति, अनुप्रज्ञप्ति कथं विकसित जुया वःगु सिइ दु । उकिं विनय पिटक रचना याये न्ह्वः निसें बुद्ध जीवित बले हे भिक्षुपिनिगु आचरण-व्यवहारया निम्ति जक मखु इहलोक व परलोक जीवन सुरक्षितया निम्ति प्रातिमोक्षय् भिक्षुपिन्त आवश्यक नियमत अन्तर्गत यानाः विनयया स्वरूप बियातय् धुंकूगु जुयाच्वन ।

वर्षावास च्वनेगु नियम गौतम बुद्धया पाले गुबले निसें आरम्भ जुल धकाः यकिन यानाः धाय् मफुसां बुद्धत्व प्राप्ति वर्ष निसें परिनिर्वाण वर्ष तक वसपोलं ४५ गू वर्षावास पूवंका बिज्याःगु दु । बुद्ध जूबले निसें वर्ष पतिकं वर्षावास च्वना बिज्याःगु सिइ दु । तर भिक्षुपिन्त धाःसा वर्षावास च्वनेगु नियम लागु याना बिज्याःगु कारण-निदान कथा अलग खनेदु । वसपोल बुद्धं धर्मचक्र प्रवर्तन सूत्र देशना याना बिज्याःगु थाय् ऋषिपतन मृगदावनय् प्रथम वर्षावास बितेयाःगु सिइ दु । धर्मचक्र पवर्तन सूत्र ध्यान बिया न्यंपिं पंचवर्गीय भिक्षुपिन्त धर्मचक्षु लाभ जुइधुंकाः न्यानु दुखुन्हु अनत्तलक्खण सूत्र देशना याःबले वसपोलपिं न्याम्हं अर्हन्त जूगु खः । अनं ल्यू यश कुलपुत्र, वया पासापिं प्यम्ह अले थः पासापिं प्रव्रजित जुगु खँ न्यनाः प्रव्रजित जूवंपिं मेपिं पासापिं न्येम्ह-थुपिं सकलें बुद्ध पाखें धर्म उपदेश न्यनाः अर्हन्त जूपिं जुल । उबले बुद्धसहित अर्हन्तपिं ६१ म्ह दत । प्रथम वर्षावासया समय धुंकाः बुद्धं वसपोलपिं ६० म्हसित आमन्त्रण यानाः थःम्हं साक्षात्कार याना बिज्याःगु बोधिज्ञानया गुगु उद्देश्य खः व देव मनुष्यपिनिगु हित सुखया निम्ति प्रचार प्रसार यायेत प्रेरणा बिया बिज्यात । वसपोलया वचन शिरोपर यानाः दच्छि यंक धर्मप्रचार याय्‌गुली लगे जुगु खने दु । बुद्धयागु **'बहुजन हिताय बहुजन सुखाय'** धयागु थ्व संकल्प बांलाः ताःसां भिक्षुपिं वर्षाबले वां दाय्‌काः घ्याचःगु लँय्, बुँफाँतय्, गाँ गामय् इत्यादि थासय् चारिका याः जुइगु शोभायमान मजुल । उकिंजक मखु बुँज्या यानाच्वंपिन्सं व तीर्थकर आदि अन्य धर्मावलम्बीतेसं निन्दा चर्चा नं यात । श्रमण गौतमया श्रावक भिक्षुपिं वा वइगु वर्षायामय् तक नं छथाय्‌सं मच्वंसे चारिका याः जुयाच्वन । चुलिवःगु घाँय् न्ह्याः, वां दायकाः घ्याचःगु लँय् जुयाः, बुँ फांत, फांतं जुयाच्वन । वर्षाबले भ्रूंगः पक्षीत हे प्यहाँ मवंसे थम्हं दय्‌कूगु स्वलिइ वाँ मदाय्‌क बास च्वनी । परन्तु भिक्षुपिं धाःसा वा वःबले नं वां दाय्‌क चारिका याः जुयाच्वन धकाः श्रमण भिक्षुपिनिगु निन्दा चर्चायानाः कुँ खिनेगु यात । मेपिं भिक्षुपिन्सं नं थ्व खँ न्यनाः भगवानयात बिन्ति याःबले वसपोलं भिक्षुपिन्त वर्षा ऋतुइ वर्षावास च्वनेगु नियम दय्‌का बिया बिज्याःगु खः ।

बुद्धया धर्मय् (बौद्ध शासन विधि) पूर्ण भिक्षुत्व लाभी भिक्षुपिनिगु वर्ष गिन्ति उपसम्पदा जूगु वर्षनिसें याय्‌गु आरम्भ जुल । बुद्धया जीवनी सम्बन्धय् धाय्‌बले



Downloaded from http://www.dhamma.digital

वसपोलं बोधिज्ञान लाना बिज्याःगु वर्षनिसें परिनिर्वाण वर्षतक गिन्ति यायेगु जुइ। इ.पू. ५१२-४६७ तकया बुद्ध जीवनी अध्ययन याना स्वल धाःसा वसपोलं ४५ गू वर्षावास बितेयाना बिज्याःगु सिइ दु। शासने प्रतिपत्ति पुरे याना च्वंपिं भिक्षुपिनि बिचय् थकालि क्वकालि भिक्षुपिं म्हसिइगु वर्षावास क्रम अनुसार खः उकिं 'छःपिं गुलि वर्षावास दत ?' धका न्यनीगु चलन दु। उपसम्पदा थकालिम्ह भिक्षु जूसा आदर गौरवपूर्वक व्यबहार याइगु संस्कृति दु। बुद्ध शासन चिरस्थायी जुयाच्वंगु छगू कारण ला थकालि भिक्षुपिन्त याना वयाच्वंगु आदर गौरव व बांलागु व्यवहारं नं खः। उकिं जन्मं न्ह्याक्व हे थकालिम्ह जूसां उपसम्पदा विनय कथं थकालिम्ह भिक्षुयात नमस्कार आदि वन्दना यानाः गौरव तयाः उपयुक्तगु थासय् तइगु संस्कृति दु। 'विनयो नाम सासनस्स आयु, विनय ठिते सासनस्स ठितं होति' धकाः वसपोल बुद्धं गुगु धया बिज्याःगु खः, व अनुसार नं भिक्षुपिनिगु बिचय् नियम दत्तले शासनया आयु दयाच्वनी। विनयय् अन्तर्गत जुयाच्वंगु गुलि शिक्षापद (नियमत) दु व दक्व बुद्ध शासनयात ताकाल तक जिवित याना तय्‌गु लक्ष्य प्रतिपादन यानातःगु खः।

**बुद्धपिन्सं देशना याना बिज्याःगु निगू प्रकारया प्रातिमोक्षः**
**१. अववाद प्रातिमोक्ष। २. आज्ञा (आणा) प्रातिमोक्ष।**

प्रातिमोक्षया अर्थ यक्व दु। उकीमध्ये शिक्षापद शील प्रातिमोक्ष खः। गुम्हसिनं प्रातिमोक्ष शिक्षापद शील पालन याइ, उम्हेसित अपाय आदि दुःखँ मुक्त याइ। कुशल धर्म संचय याय्‌गुली शील प्रमुख जूगु जुयाः नं प्रातिमोक्ष धाःगु खः। अथेहे गुगु धर्मयात पालन याइ उगु धर्म सांसारिक दुःखं मुक्त याना बिइ धयागु अर्थ नं दुगुलिं प्रातिमोक्ष जूगु खः।

विपश्वी आदि दीर्घायु बुद्धपिन्सं थें गौतम बुद्धं नं प्रथम सम्बोधिया इलय् २० दँ तक अववाद प्रातिमोक्ष देशना याना बिज्याःगु खः। सारिपुत्र स्थविरपिं प्रव्रजित जुइधुंकाः दकसिबे न्हापां प्रातिमोक्ष देशना याना बिज्याःगु ला राजगृहया वेणुवनय् धकाः सुमंगल विलासिनी उल्ले ख जुयाच्वंगु दु। उबले अन सहभागी जूपिं १२५० म्ह भिक्षुपिं सकलें हे 'एहि भिक्खु' धयागु वाक्यं भिक्षुजूपिं वसपोलपिं षड्भिज्ञा लाभी अर्हन्तपिं खः। बुद्ध दुबले वसपोलया श्रावक सन्निपात थ्व हे छक्वः जूगु खं वसपोलं स्वयं कना बिज्यागु खँ दीर्घ निकायया महापदान सूत्रय् दु।

दीघ निकायया उक्त सूत्रय् उल्लेख जुयाच्वंगु गाथा स्वपुयात कयाः अववाद प्रातिमोक्ष धयातःगु खःसा थ्व स्वपु गाथा धम्मपदय् (गाथा नं. १८४-१८५) नं उल्लेख जुयाच्वंगु दु। बुद्ध जीवित बले हे अववाद प्रातिमोक्षया रूप बियातःगु थ्व गाथा स्वपुया महत्व अनुसारं दीघनिकाय व धम्मपदथें जाःगु महान् ग्रन्थय् अन्तर्गत यानातःगु जुइमाः। थुकिया अर्थ अध्ययन याना स्वल धाःसा प्रथम सम्बोधिया इलय् बुद्धं थः श्रावकपिन्त शिक्षित याये, धकाः विनय दयकातःगु खने मदु। बरू त्यागी भिक्षु जीवनया लक्ष व लक्षण थ्व थ्व खः, श्रमण जीवन थथे जुइमाः धकाः स्पष्ट कनातःगु दु। थुगु अववादय् प्रतिबद्ध जूपिं भिक्षुपिन्त नियम दयकाः नियमं थःत माःकथं शिक्षित यायेगु, थःगु नियन्त्रणय् तय्‌गु मनशाय बुद्धयाके मदु धयागु बाँलाक सिइ दु। भिक्षुपिनिगु हे शान्ति सुखया निम्ति कना बिज्याःगु उपदेश जुयाः, थ्व उपदेश पालना याइपिं भिक्षुपिन्त सांसारिक दुःख भयं मुक्त याना बिइगु अर्थय् थ्व गाथा स्वपू दीर्घायु बुद्धपिनिगु पालं निसें अववाद प्रातिमोक्ष जूगु खने दु।

**अववाद प्रातिमोक्षः (गाथा नं १८४-१८५) अर्थः–**

"क्षमाशील जुयेगु हे परम शान्ति खः। निर्वाणयात हे बुद्धपिन्सं 'परम' धाइ। क्षान्ति रहितम्ह जुयाः मेपिन्त हिंसा पीडा बिइपिं श्रमण प्रव्रजित जुइ मखु ब्याकं पाप मयासे कुशलयात संचय यानाः स्वचित्त परिशुद्ध यायेमाः धयागु हे बुद्ध पिनिगु न्वचु ख:।

वचनद्वारा सुयातं मोमदुगु नुगलय् स्याइगु आदि खँ मल्हायेगु। शरीरद्वारा सुयात नं हिंसा पीडा मबियेगु। प्रातिमोक्ष शीलयात संयम याना च्वनेगु। भोजनया प्रमाण सीकाः प्राप्त जुइगु शयनासनय् व चतुप्रत्ययद्वारा सन्तुष्ट जुयेगु। अधिचित्त धयागु अष्ट समापति आदि ध्यानय् मन स्थीर याना च्वनेमाः धयागु हे बुद्धपिनिगु न्वचु खः।"

गौतम बुद्धया पाले २० दँ तक वसपोलया शासन शुद्धरूपं कायम जुयाः धर्म प्रचारया ज्या ब्यापक जूगु खःसां भिक्षुपिन्त धकाः विनय नियम लागु यानाः शिक्षापदया दायरा दुने तयाः शिक्षित याये माली धयागु स्थिति वय् न्ह्यवः हे भिक्षुपिनि बिचय् श्रमण सारूप्ययात मल्वःगु व्यवहार मजूगु नं मखु। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

## बौद्ध चरित्र निर्माण

*२०७० मार्ग २२ गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राजभाइ तुलाधर*

मानिसले विहान उठेदेखि बेलुका सुत्ने वेलासम्म विभिन्न कृयाकलाप र अनुभवहरू गर्दछन् । राती सुत्ने बेलामा शान्त मनले हेऱ्यो भने ठीक वेठीक, राम्रो नराम्रो गरेको अथवा भएको कुरालाई नियाल्न सकिन्छ। स्वमूल्यांकन गर्न सकिन्छ । यसको लागि मौनता (Silence) आवश्क छ । कोही व्यक्तिले कुनै ईश्वरीय शक्तिले मानिसको सुख दुःख अथवा भाग्यलाई नियन्त्रण गरिरहेको हुन्छ भनेर मान्छ भने भगवान बुद्धले बताउनु भए अनुसार आफैले गरेको शुभकर्म र दुष्कर्मले उसलाई सुख दुःख हुन्छ, उसको भाग्यको निर्धारण हुन्छ, न कि कसैको कृपा अथवा क्रोधले । त्यसैले अरूले के गऱ्यो, गरेन भनेर चासो गर्नु भन्दा आफुले के गरें, गरिन भनेर स्वमूल्यांकन गर्नु अत्यन्त जरूरी छ ।

नकारात्मक सोचाईको कारण ले र आवेग उत्तेजनाको कारणले मानिसले वढी दुःख पाइरहेको हुन्छ। अजाब्राम् भन्ने एकजना भिक्षुले विभिन्न प्रयासबाट सामानहरू जोडेर एउटा विहार वनाएर । विहार राम्रै बन्दै थियो नै तर बनाउँदै जाँदा एक ठाउँमा दुइवटा इंटाहरू नमिलेको होश भएन । पछि त्यो देख्दा उसलाई सम्पूर्ण विहार नै नराम्रो लाग्यो र उसले कसैलाई आफूले बनाएको विहार देखाएन। केही समय पछि उसको गुरू अजाचान्ले तिम्रो विहार देखाउ भन्दा त्यो त राम्ररी बनेन भन्यो । गुरूले तैपनि हेर्छु भनेर हेर्न गयो । यो त निकै राम्रो छ नि भन्दा अजाब्राम्ले दुइवटा इंट नमिलेको कुरा भन्यो । गुरूले उसलाई सम्भाउँदै भन्यो जुन ठीक छ त्यसबाट प्रसन्न हुन सिक ।

बुद्धको शिक्षा अनुसार हामीले आवेगमा आएर उत्तेजित भएर केही काम गर्नु हुँदैन । जुनसुकै अवस्थामा पनि विवेक वुद्धि प्रयोग गरेर होश पूर्वक काम गर्नु पर्दछ। कुनै घटना अथवा परिस्थिति प्रति तुरून्तै प्रतिकृया गर्नु हुँदैन । एक छिन मौन भएर सोच्नु धेरै फाइदाजनक हुन सक्छ । दोस्रो विश्वयुद्धको समयमा बर्माको एउटा जंङ्गलमा वेलायतको कमाण्डमा Athed Force को सेना तैनात थियो । त्यसै वेला जापानको सेना गइरहेको सैनिकहरूले देखे । उनीहरूले कमाण्डरलाई जापानिज सेना आइरहेको छ, लड्न तयार हुनुपऱ्यो भने । तर कमाण्डरले पहिला चिया एक कप खाउँ न भने । चिया खाउन्जेल जापानिज् सेना अर्कै दिशातिर गइरहेको भन्ने थाहा भयो । तुरून्त प्रतिकृया नगरेको कारणले त्यहाँ धेरैको ज्यान वच्यो ।

भगवान बुद्ध Tiet for Tat अर्थात जस्तालाई त्यस्तै गर भन्ने सिकाउनु भएको छैन वैरले वैर भाव शान्त हुँदैन । यो सनातन देखि चलि आएको धर्म हो । वदलाको भावना नराखी सबैले आआफ्नो क्षेत्रबाट आआफ्नो कर्तव्य इमान्दारीताका साथ पूरा गर्नु राम्रो चरित्र हो । भगवान बुद्धले आफ्नो जीवनमा एक क्षण पनि खेर नफाली दिनको दुई घण्टा मात्रै सुतेर अन्तिम समयसम्म पनि महाकरूणा सहित जनहितको लागि काम गर्नु भयो । वहाँले जस्तो त संसारमा कसैले पनि गर्न सक्तैन, तर वहाँबाट प्रेरणा प्राप्त गरी सकेसम्म राम्रो काम गर्न कोशिश सबैले गर्न सक्छ । भगवान् बुद्धले व्यावहारिक धर्म सिकाउनु भएको छ । यसमा निहित दर्शन र सिद्धान्तलाई आँखा चिम्लेर र स्वीकार्नु पर्छ भन्ने छैन, घटना र अनुभवको आधारमा अघि बढ्नु पर्छ । धर्मको व्यावहारिक पक्षलाई अंगाल्दै गएर सैद्धान्तिक कुराहरूको महत्त्व बुझ्न सके मूर्त (Concrete) बाट अमूर्त (Abstract) लाई साक्षात्कार गर्न सकिन्छ। अनि अनित्य दुःख अनात्मलाई दर्शनको रूपमा मात्र नभएर अनुभूतिको स्तरमा समेत जानिने छ। यसरी जान्न सके चरित्र निर्माण स्वतः हुँदै जानेछ ।

**बुद्ध सम्बन्धी केही जानकारीहरू**

२) राजा पुक्कुसाति बुद्धको ख्याति सुनेर आफ्नो राज्य त्याग गरी राजगृहमा आई बुद्ध कहाँ भिक्षु बन्न आएका थिए ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारका उपासिका समूह “केहेँपुचः” द्वारा
# wd{zLnf a'4 ljxf/ e|d0f



*धर्मकीर्ति विहारका “केहेँपुचः” उपासिका समूह धर्मशीला बुद्ध विहारमा कर्मशीला गुरुमांसँग*

धर्मकीर्ति विहारका उपासिका समूह “केहेँपुचः” टोलीद्वारा गत पुष १३-१५ मा पोखरास्थित धर्मशीला बुद्ध विहारको भ्रमण गरी धार्मिक छलफल तथा विचार आदान प्रदानको कार्यक्रम गरियो ।

स्मरणीय छ, बुद्धधर्मप्रति अटल श्रद्धा राख्ने धर्मशीला गुरूमांद्वारा राणाशासनको निर्मम राज्य कालमा अनेकौं कठिन परिस्थिति, समस्या झेली विभिन्न चुनौटीहरूको सामना गरीकन पोखरामा पहिलो थेरवादी बौद्ध विहार “बुद्ध विहारका नाममा स्थापना गर्नुभएको थियो । पोखरामा थेरवाद बुद्धधर्मको वीजारोपण गर्नको लागि अग्रणी भूमिका निभाउने व्यक्ति धर्मशीला गुरुमां नै हुनुहुन्थ्यो । पोखरावासी बौद्ध समुदायका बीच व्यापक रूपमा बुद्ध धर्म प्रचार गर्ने धर्मशीला गुरूमांद्वारा स्थापना गरिएको ‘बुद्ध विहार’ लाई उहाँको निधनपछि ‘धर्मशीला बुद्ध विहार’नाम दिइएको हो ।

भ्रमणको दौरानमा ‘केहेँपुचः’ उपासिका समूहले धर्मशीला बुद्ध विहारका वर्तमान प्रमुख कर्मशीला गुरुमांसंग भेटघाट गरी धार्मिक छलफल गर्नुका साथै दान प्रदान कार्य गरियो । पोखरावासी बौद्ध विद्वान तिलकमान गुभाजुसँग विशेष भेटघाट गर्ने क्रममा विगतमा धर्मशीला गुरूमांले अति संघर्षपूर्ण परिस्थितिमा स्थापना गर्नु भएको यस विहारको संरक्षण, संवर्द्धनको साथै पोखरा जनमानसका बीच निरन्तर बौद्ध जागरण ल्याउन के कस्ता कार्यक्रमहरू गर्न सकिन्छ भन्ने विषयमा छलफल गरियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा हुने नियमित अस्थायी प्रव्रज्या कार्यक्रम आगामि वर्ष पोखरास्थित यस ऐतिहासिक थेरवादी बौद्ध विहारमा सञ्चालन गर्ने सोच पनि बनाइएको छ ।



Downloaded from http://www.dhamma.digital

# शाक्यधिता नेपालया निक्वःगु वार्षिक साधारण सभा




*शाक्यधिता वार्षिक साधारण सभाय् उपस्थित सदस्यपिं*

*प्रस्तुति- सुमित्रा तुलाधर*

बि.सं २०६० मंसिर २९ गते शनिवाः धर्मकीर्ति विहार, धम्महलय् शाक्यधिता नेपाल" या निक्वःगु साधारण सभा क्वचाल। श्रद्धेय भिक्षुणी धम्मवती शासन धज धम्माचरिय अग्गमहा गन्थवाचक पण्डितं देवाः च्याकाः उलेज्या याना बिज्यागु खः। न्हापांगु ज्याभ्वःलय् पंचशील प्रार्थना याकाः शुरू याना बिज्यासे शाक्यधिताया महत्त्व सहितया ओबाद मन्तब्य बिया बिज्यात।

श्रद्धेय मेत्ताबती गुरूमांनं लसकुस न्वचू बिया बिज्यासे थौं कन्हे देशय् अन्याय् अत्याचार, महिला हिंसा जुयाच्वंगु यात समस्या समाधान याये फैगु माध्यम हे बुद्ध शिक्षा खः धैबिज्यात। सचिव भिक्षुणी इन्द्रावती गुरुमानं वार्षिक प्रतिवेदन न्ह्याब्वया बिज्यासे भाबि ज्याभ्वःया एजेण्डा नं पेशयाना बिज्यात। लेखा परिक्षकया लागि भाजु श्यामलाल चित्रकार जु यात नियुक्ति याना दिल। कोषाध्यक्ष श्रीमती प्रफुल्ल कमल ताम्राकारं आर्थिक प्रतिवेदन पेश याना दिल।

सदस्यपिनि पाखें थःगु नुगः खँ तयुगुलिई सदस्य भाजु गोपाल श्रेष्ठजुं शाक्यधिता नेपाल न्ह्याःवनेत न्हून्हूगु कार्यक्रम हयेमाःगु सुझाब बिल। मय्जु अमीर कुमारी शाक्यं न्हयाका दिइगु उगु बार्षिक साधारण सभाय्, सदश्य अम्बिका श्रेष्ठं सुभाय् बिया दिलसा इन्दावती गुरुमानं पुण्यानुमोदन याना बिज्यास्य उगु सभा क्वचायकूगु खः।

## बुद्ध सम्बन्धी केही जानकारीहरू

३) बुद्धलाई भेट्न तक्षशिलाबाट राजगृह आउने राजा पुक्कुसाति भगवान् बुद्धसँग धनीय नाउँको कुत्मालेको झोपडीमासँगै सुत्न पुगेका थिए। पुक्कुसातिले बुद्धलाई चिनेका थिएनन्। बुद्धले उपदेश दिएपछि मात्रै पुक्कुसातिले बुद्धलाई चिने। *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारमा श्रीलंकाली राजदूतलाई स्वागत गरियो

*२०७० पौष ६ गते, शनिवार ।*

यसदिन धर्मकीर्ति संरक्षण कोष धर्मकीर्ति विहारले नेपालका लागि श्रीलंकाका राजदूत डब्लु एम वीरत्नलाई स्वागत गरिएको छ ।

धर्मकीति संरक्षणकोषको सचिव मीना तुलाधरले कोषको गतिविधि एवं कार्य विषयमा विवरण प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा धर्मकीर्ति अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधर धर्मकीर्ति स्वास्थ्य कमिटीका संयोजक रोशनकाजी तुलाधर र धर्मकीर्ति ज्ञानमाला सचिव प्रेमलक्ष्मी तुलाधर आदिले आ-आफ्ना मन्तव्य प्रकट गर्नु भएका थिए । यसरी नै श्रीलंका राजदूतले नेपाल र श्रीलंका बिच सधैं यसरी नै मित्रता कायम र हने र धार्मिक क्षेत्रमा पनि पहिला देखिनै सम्वन्ध कायम रहेको विषयमा चर्चा गर्नुभएको थियो ।

धर्मकीर्ति विहारकी प्रमुख धम्मवती गुरूमांले र णाशासनकालमा देश निकाला गरिएको नेपाली भिक्षुहरूलाई नेपाल भित्र भित्र्याउने कार्यमा श्रीलंकाको ठूलो योगदान रहेको ऐतिहासिक घटना स्मरण गर्नुभएको थियो । उक्त कार्यक्रममा केशावती गुरूमांले् धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## धम्मपदमा बौद्ध दर्शन विषयमा प्रवचन

*विषय- धम्मपदमा बौद्ध दर्शन ।*
*प्रवचिका- मय्जु रीना तुलाधर । प्रस्तुती- शान्ति शाक्य*

*२०७० मंसीर २९ गते ।* यसदिन रीना तुलाधरले धम्मपदमा बौद्ध दर्शन विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो–

धम्मपदको यमकवग्गो (जोडा वर्ग) मा पर्ने बुद्धवचनहरू यस प्रकार छन्–

१) जुनसुकै अवस्थामा पनि मन नै प्रमुख हुन्छ । नराम्रो मनले कुरा वा काम गर्ने व्यक्तिको पछि पछि गाडा तान्ने गोरूको पछि पछि पाङग्रा आए जस्तै दु:ख पछि पछि आउँछ ।

२) राम्रो मनले कुरा वा काम गर्ने व्यक्तिलाई आफु संगसंगै आउने छाँया जस्तै सुख पछि पछि आउँछ ।

३) मलाई गाली गऱ्यो, मलाई पित्यो, मलाई जित्यो, मेरो लुटेर लियो भनी जसले वारम्वार मनमा लिन्छ उसको मन शान्त हुँदैन ।

४) मलाई गाली गऱ्यो, मलाई पित्यो, मलाई जित्यो, मेरो लुटेर लियो भनी वारम्वार मनमा नलिने व्यक्तिको मन शान्त हुन्छ ।

५) वैरभावले वैर कहिल्यै शान्त हुँदैन । अ-वैरभावले मात्र वैर शान्त हुन्छ। यो पहिले देखि चलि आएको धर्म हो ।

६) मूर्खहरूले एकदिन मर्नुपर्छ भनी विचार गर्दैन एकदिन मर्नुपर्छ भनी विचार गरेमा कलह शान्त हुन्छ ।

७) अज्ञानको दृष्टिले हेर्ने, इन्द्रिय दमन गर्न नसक्ने, खानेकुरामा मात्राको ज्ञान नभएको, मिहेनत नगर्ने व्यक्तिलाई जरा बलियो नभएको रूखलाई हावाले ढलाए जस्तै मारले ढलाउँछ ।

८) ज्ञानको दृष्टिले हेर्ने, इन्द्रियलाई वशमा राख्ने खाने कुरामा मात्राको ज्ञान भएको, श्रद्धा भएको मिहेनती व्यक्तिलाई पर्वतको ढुङगालाई हावाले हल्लाउन नसके जस्तै मारले हल्लाउन सक्दैन ।

९) राम्ररी नछाएको घरको छानाबाट पानी चुहिए जस्तै ध्यान नभएको चित्तमा राग, द्वेष, मोह रूपी,पानी चुहिन्छ ।

१०) राम्ररी छाएको घरको छानाबाट पानी नचुहिए जस्तै राम्रो ध्यान भएको चित्तमा राग, द्वेष, मोह रूपी पानी चुहिँदैन ।

### बुद्ध सम्बन्धी केही जानकारीहरू

४) सारिपुत्र (धर्म सेनापति) – बुद्धको मुख्य शिष्य । प्रज्ञामा अग्रस्थान प्राप्त भिक्षु । पिताः वंगनत । आमाः रूपसारी । भाइहरूः चुन्द, उपसेन, रेवत । बहिनीहरूः चल, उपचल, शिशूपचल । गृहस्थी नाम : उपतिष्य (उपतिस्स) बासिन्दा : नालक (उपतिस्स) गाउँ, राजगृह ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

## आलुचप व कलाकण मन्हि दय्क्यगु तालिम



*धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया आयोजनाय, मिठाई तालिमया ज्याभ्वः*

*२०७० पौष ६ गते, शनिवार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया आयोजनाय, मिठाई तालिमया ज्या भ्वः क्वचाल । नीम्ह (२०) प्रशिक्षार्थीपिंस तालिमकाःगु उगु ज्याभ्वलय् पनीरयागु कलाकण व आलुचप दय्केगु स्यनेज्या जूगु खः प्रतिमा मानन्धरया संयोजकत्त्वय् न्हयाःगु उगु ज्याभ्वःलय् करूणा मानन्धर व सजला मानन्धर पिसं प्रशिक्षण बिया दीगु खः ।

## सदां ज्वीमखु दिन समान

✍ **चन्द्र महर्जन,** पाँगा

मनुष्य जुनी सुख धकाः च्वनेवं
दै मखु वयात धर्म व ज्ञान
भगवान खंकी नुगलं भ्कीसं

धाय्फुगु मखु थ्व शरीर
थःम्हं धैथें मदुथ्व प्राण
थौंहे मदैला कन्हे वनीला

दीन दुःखी व गरीबपिन्त
फुक्कं प्राणीसम खनाः थौं
निन्हु प्यन्हु च्वनेयात छाय् अभिमान ?

मसःमस्यू छुं मथू पिन्त
यायनुं भ्कीसं गुहाली इमित
थम्हं स्यूथें कनेनु इमित ॥

## महापरित्राण पाठ सम्पन्न

*२०७० पौष २० शनिवार । स्थान- क्वाःबहाल, ठमेल*

दि. माता पिताहरू कान्छीमाया शाक्य र बाबु रत्न शाक्यको पूण्यस्मृतिमा रत्न कुमारी शाक्य, धर्मलक्ष्मी शाक्य र विरेन्द्रराज शाक्य सहित सपरिवारले महापरित्राण पाठ कार्यक्रम आयोजना गरिएको समाचार छ । भिक्षु महासंघबाट दिनभर महापरित्राण पाठ गरिएको उक्त कार्यक्रममा संघनायक भिक्षु अश्वघोषले धर्मदेशना गर्नुभएको थियो ।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

*क्र.सं. ७९६*

**श्री पद्मा वज्राचार्य**
ठमेलमार्ग, काठमाडौं
रु. १०१०/–

*क्र.सं. ७९७*

**श्री धर्मनारायण महर्जन**
मनमयजु–४ ढोकाटोल
रु. १२३४/–



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## दशौं बार्षिक साधारण सभा सम्पन्न

*२०७० पौष, योमरि पुन्हि ।* यसदिन ध.स.का केन्द्रिय महासचिव श्री रत्नमान शाक्यज्यूको प्रमुख अतिथित्वमा धर्मोदय सभा मध्यपुर थिमी नगर शाखा, नगदेशको दशौं वार्षिक साधारण सभा सम्पन्न भएको समाचार छ। बुद्धपूजा पश्चात् भिक्षु वर सम्बोधिले शील प्रार्थना गराउनु भएको उक्त सभाको दोश्रो चरणको कार्यक्रमलाई प्रमुख अतिथीज्यूले उद्घाटन गर्नु भएको थियो भने उपासक कृष्णले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । सो पश्चात् मध्यपुर थिमी नगर शाखा नगदेशका सचिव उपासक कृष्ण कुमार प्रजापतिले वार्षिक गतिविधि प्रस्तुत गर्नुभई धर्मोदय सभाको ऐतिहासिक गतिविधि बारे चर्चा गर्नु भएको थियो ।

यसरी नै सभाका विशेष अतिथी बौद्ध विद्वान डा. सानुभाई डंगोल र प्रमुख अतिथी रत्नमान शाक्यले आ आफ्नो मन्तव्य व्यक्त गर्नु भएपछि ध.स.मध्यपुर थिमी नगदेशका का.बा. अध्यक्ष दीपक राज सांपालले सभामा उपस्थित हुनु भएका सबैलाई धन्यवाद व्यक्त गर्नु भएको थियो । त्यसपछि सामूहिक पुण्यानुमोदन पश्चात् भिक्षु, भिक्षुणीहरूलाई दान प्रदान एवं भोजनको व्यवस्था मिलाइएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

## दान गरेको आँखाको सफल प्रत्यारोपण

नगदेश बौद्ध समूहका सदस्य, समाजसेवी, बुद्धिजीवी, प्राध्यापक श्री राम कृष्ण दुवालको ममतामयी आमा दिल माया दुवलालको ७६ वर्षको उमेरमा यही मंसिर २३ गते आइतबार दिउँसो २:३० बजेतिर देहावसान भयो। देहावसानको लगतै परिवाजनको सहमतिमा मृतक दुवालको दुईवटै आँखा तिलगंगा आँखा प्रतिष्ठानलाई दान गरियो। सो दान गरेको आँखा मध्ये एउटा आँखा धादिङ्ग निवासी ४५ वर्षीय “रानाभाट” थरका प्रौढ व्यक्तित्वलाई सफल प्रत्यारोपण गरेको छ भने अर्को आँखा पर्सा जिल्ला विरगंज निवासी ५५ वर्षीया “साह” थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरेको बुझिन आएको छ । अतः सो दान उप-पारमितायुक्त पुण्यमयी कार्यानुभावद्वारा मृतक उपासिका दिल माया दुवालको सद्गति र निर्वाण कामना गर्दै यस दुःखद घडीमा शोकाकूल परिवारजनले धैर्य धारण गर्न सकोस् भनी नगदेश बौद्ध समूहबाट समाचार प्राप्त भएको छ ।

यसरी नै मध्यपुर थिमि नगर- ५, नगदेश निवासी उपासिका बुद्धिमाया घजु २०७० पौष-४, बिहिबारका दिन ५९ वर्षको उमेरमा यस अनित्य भौतिक संसारबाट सदाको निम्ति विदा भै देहावसान भएपछि वहाँको परिवारजनको सहमतिमा तिलगंगा आँखा केन्द्रका सहयोगी कल्याण मित्र इजन राजभण्डारीको सहयोगमा सो प्रतिष्ठानलाई दुबै आँखा दान गरी दान उप-पारमिता जस्ता पुण्यमयी कार्य सम्पन्न गरिएको समाचार छ । सो सुण्यमयी दान उपपारमितानुभावद्वारा, मृतक उपासिका बुद्धिमाया घजुको सद्गति र निर्वाण कामना गर्दै वहाँको परिवारजनले धैर्य धारण गर्न सकोस् भनी नगदेशबौद्ध समूहले कामना गरेको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार दान गरेको एउटा आँखा बारा निवासी ५० वर्षीया “यादव” थरकी प्रौढ महिलालाई सफल प्रत्यारोपण गरेको छ भने अर्को आँखा सप्तरी निवासी ४२ वर्षीय “शर्मा” थरका प्रौढ व्यक्तिलाई सफल प्रत्यारोपण गरेको बुझिन आएको छ ।

## रजत महोत्सब सम्पन्न

*२०७० पौष्या १३ गते शनिवार ।*

*स्थान- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल ।*

यसदिन अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका निर्देशक श्रद्धेय धम्माचरिय अग्गञाणी गुरूमां प्रव्रजित हुनुभएको २५ वर्ष पूरा भएको उपलक्ष्यका अ.बौ.भा. केन्द्र परिवार लगायत गुरूमांका मातापिता सहित सपरिवारको आयोजनामा रजत महोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो। अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलमा सम्पन्न गरिएको उक्त कार्यक्रममा गुरूमां अग्गञाणीवाट लिखित लेखहरूको संग्रह पुस्तक “सद्धर्म पुष्पमाला” विमोचन गरिएको थियो ।

मदनरत्न मानन्धरले संचालन गर्नुभएको उक्त कार्यक्रममा अ.बौ.भा.केन्द्रबाट गुरुमांलाई अभिनन्दन गरि एको थियो । उक्त कार्यक्रममा वर्मी सयादोबाट धर्मदेशना भएको थियो भने अग्गञाणी गुरूमांले पनि आर्शिवचन व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा भिक्षु महासंघबाट र गुरूमांहरूबाट सामूहिक महापरित्राण पाठ सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा उपस्थित सबैलाई आयोजक परिवारबाट जलपान भोजनको व्यवस्था पनि मिलाइएको थियो । कार्यक्रमको अन्त्यमा पूण्यानुमोदन र दानप्रदान गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## न्याक्वःगु ज्ञानमाला निरिक्षण भ्रमण

*११३४ थिंलागा ४, सनिवाः*

नेपाल राष्ट्रिय ज्ञानमाला समितिं निरन्तर न्ह्याकाच्वंगु "ज्ञानमाला निरिक्षण भ्रमण" ज्याभ्वः वंगु लाय् पनौतिस्थित 'नमोबुद्ध ज्ञानमाला भजन खलः नमो बुद्ध विहारय् प्यक्वःगु निरिक्षण भ्रमण जुयालि "न्याक्वःगु ज्ञानमाला निरिक्षण भ्रमण" मध्यपूर थिमि न.पा.६ स्थित महाख्यः नगदेश ज्ञान माला भजन खलः, नगदेश बुद्ध विहारय् तःजिक क्वचाल ।

'नगां ज्ञानमाला भजन खलः पाखें स्वपु ज्ञानमाला हालाः नगदेश ज्ञानमाला भजन खलःया बारे सल्लाहकार भाजु कृष्णकुमार प्रजापति जुं म्हसीका बिया दिल। खलःया उपस्थित खलः पिं व समितिया दुजः पिंगु म्हसिका कालबिल लिपा नगदेश बुद्ध विहार व ज्ञानमाला भजन खलः या पाखें जुया वयाच्वंगु सकतां गतिविधि बारे खँ कना दिल । नगदेश ज्ञानमाला भजन नियमितं संचालन जुयाच्वंगु, नगदेश बुद्ध विहारया सच्छि व न्हय्प्यम्ह जिवंकाछि जः दुगु खँ कनादिसे विहारया सलंसः दिवंगत परिवारपाखें "मिखा दान"यात निरन्तरता बिया च्वंनागु खँ नं अवगत याका दिल ।

नेपाल राष्ट्रिय ज्ञानमाला समितिया नायः प्रा. सुवर्णशाक्य जुं भगवान् बुद्धया उपदेश शिक्षा भजनया माध्यमं प्रचार प्रसारय् शुद्धता, एकरूपताय् बः बीमाःगु खँ लिसें थौकंन्ह्य् भजन खलः त 'क्लब' थें जक संचालन जुयाच्वंगु प्रति ध्यानाकर्षण याकुसे भजन खलःयात विशुद्ध बुद्ध धर्मया प्रचारक कथं न्ह्याः वनेमाःगु खँ ध्वाथुइका बिउगु जुल ।

ज्याभ्वः क्वचाः पाखें समितिया 'लोगो' अंकित ब्यानर 'लुमंति चिं, कथं नगदेश ज्ञानमाला भजन खलः या नायः भाजुयात शुभेच्छा मन्तुना सहित लः ल्हायेगु ज्या जुल । ज्याभ्वलय् उपस्थित सकलसित नगदेश ज्ञानमाला भनज खलः पाखें जलपान व भोजन याकूगु जुल । नगदेश ज्ञानमाला भजन खलःया आजीवन जः उपासक राम भक्त हाँयजुया पुण्यस्मृतिइ पिथना दीगु नगदेश ज्ञानमाला भजन म्ये सफू छगू छगू समितिया दुजः पिन्त बिया दीगु जुल ।

## बाःया लुमन्ति

✍ प्रेम लक्ष्मी तुलाधर "डत"

जन्म बिल बाः छिं जिमित थ्व बद्ध भूमिस
मिखां खंकाविल छिं थन तः धंगु आखः ब्वंकाः
अर्ति बिल छिं जिमितः याय़मते पाप त्वतेमते धर्म धकाः
स्याकेमते नुगः सुयातं, ल्हाः फः पिंत बिइ सयकिं दान धकाः
स्वचित्त स्वमन यायगु स्व न्ह्याबलें अवश्य याई धर्मं रक्षा याना
वनेमानी छन्हु च्वनेमदुगु थ्व संसारया रीतियात सीकि पुता छिमिसं धकाः
जन्म विईधुन छिमित कर्म दयकि थः थः पिंसं भिं कथं स्वयाः
कोशिस यायां हुँ जीवनया लकस धैगु हे संघर्ष खः धकाः
निगः मिखा स्वंगः हिरा त्वः ता थके थ्व हे जिगु हृदयया
ढुकढुकी लिसे सम्पत्ति छिमि मांयात धाधां
वनेत्यल जिला भगवानया थासय् सुरुरुरु थुलिधयाः
मिखा तिसिना बिल बाः छिं जिमित ख्वय्काः
छिगु अर्तियात ज्वनाः न्हयाः वना च्वना बाः जिपिं
बुद्ध शिक्षा लिसें हरेक बौया ख्वाः स्वय्गु दियात लुमंकाः
थ्व हे जिमिगु स्वचित्त स्वमन देछानाः छिगु किपाः यात दुनुगः लय् तयाः
आशिका याना जिमिंसं बाः छितः गथे धाल अथेहे
सुरुरुरु निर्वाणया त्वाथलेः थयंकः वने फय्मा धकाः ।

## अनित्य शरीर

✍ अ. शान्तिवती

अनित्य यो शरिर बुढो हुँदैछ ।
अनित्य यो शरिर रोगी हुँदैछ ॥
अनित्य यो शरिर कहिले मर्दछ ।
आफन्तहरू सबैलाई एकदिन त्यागेर जानु पर्दछ ॥
मेरो यो अति प्यारो शरीर मर्दा फेंकिने ।
सार छैन यो दुः ख शरीर सुख मात्र देखिने ॥
दुःख शरीरमा दुःख सत्य जाने ज्ञान हुन्छ ।
ज्ञान भए अब निरोध सत्यवाट शान्ति सुख मिल्नेछ ।
प्राणी सबैको अधिकारी कर्म मात्रै छ ।
प्राणी सबैको अंस नै कर्म मात्रै छ ।
जन्म मृत्यु जरा व्याधी कर्म के खेला ।
सत्य असत्य नजान्दा परिने फेला ॥
राम्रो नराम्रो फल भोग्नु कर्म कै साथमा ।
देव ब्रह्मा देलान् भनि नबस्नु आशमा ॥
सृस्टी कर्ता कर्म नै प्राणी सबैको ।
राम्रो कर्म गरे सुख सधैंको ॥
कर्म भन्ने चेतना आफ्नो साथमा ।
राम्रो नराम्रो चेतना आफ्नो हातमा ॥
उमेर छँदै सासन छँदै कुशल काम गर ।
मर्नु भन्दा अगाडी ज्ञानले हेर ॥



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*बि.सं. २००२ जेठ २६ गते, शुक्रबार*

*दिवंगत :*
*बि.सं. २०७० पौष ७ गते, आइतबार*

## दिवंगत जनकमाया रंजित, छाउनी

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य, बुद्ध शिक्षा प्रचार-प्रसार गर्नको लागि पत्रिका ग्राहक संख्या बढाउने कार्यमा सहयोगी उपासिका जनकमाया रंजित संसारको त्रिलक्षण स्वभावलाई पालन गर्नुहुँदै यही २०७० पौष ७ गते आइतबार दिवंगत हुनुभयो । उहाँका परिवारले पनि प्रकृतिको यस सत्यतथ्य नियमलाई बुझी आ-आफ्नो मनलाई धैर्य धारण गर्न सकुन् भनी कामना गर्दै दिवंगत उपासिकाको सुगति कामना गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि :*
*बि.स. २००२ ज्येष्ठ ५ गते*

*मदुगुन्हि :*
*बि.सं. २०७० कार्तिक १३ गते*

## lbjª\t a'¿dfof dxhg{

जिमि स्याः न्याःम्ह तःमां का.म.पा. बाफलय् च्वंम्ह **बुरूमाया महर्जन** आकाभ्काकां मदुगुलिं सुखावती भुवनय् वास लाय्मा धकाः कामना यासें दुःखंकःपिं छयेँजःपिसं अनित्य संसारयात लुमंकाः धैर्य धारण याय् फय्मा धकाः बिचाः हाय्काच्वना ।

*बिचाः हाय्कूपिं :*

**म्ह्याय्चा- मोहन देवी महर्जन**
व
**परिवार का.म.पा. मैतिदेवी**



Downloaded from http://www.dhamma.digital

# दिवंगत मातापिताको पूण्य स्मृतिमा विविध पूण्यकार्य




*झण्डोत्तोलन गर्नुहुँदै श्रद्धेय भिक्षु कोण्डञ्य*

काठमाडौं यट्खा टोलका वखतबहादुर चित्रकार प्रमुख, सपरिवारले आफ्ना दिवंगत पिता र माताहरूको पूण्य स्मृतिमा ढल्को स्थित इन्द्रायणी मन्दिर अगाडि विष्णुमती नदी किनारामा स्थापित चैत्य र बुद्ध प्रतिमा सहितको २५ फुट अग्लो मन्दिर स्थापना गरिएको थियो ।

सम्राट अशोकले लुम्बिनीमा अशोक स्तम्भ खडा गरी भगवान् बुद्ध नेपालमा जन्मनु भएको प्रमाण प्रष्टाउनु भएकोले सम्राट अशोकको यस अमूल्य योगदानलाई स्मरण गर्दै यस मन्दिरको नाम नै अशोक स्मृति चैत्य राखिएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

२०७० मंसिर २२ का दिन चित्रकार परिवारले आफ्ना दिवंगत मातापिताको पूण्य स्मृतिमा उक्त मन्दिर परिसरमा बुद्ध पूजा र परित्राण पाठ कार्यक्रमको आयोजना गरिएको थियो । अखिल नेपाल भिक्षु महासंघका महासचिव श्रद्धेय भिक्षु कोण्डन्य महास्थविरबाट बुद्ध झण्डोत्तोलन गर्नु भएपछि कार्यक्रममा उपस्थित उपासकोपासिकाहरूलाई पञ्चशील प्रार्थना गराउनुभएको थियो भने उक्त कार्यक्रममा सामूहिक बुद्धपूजा र श्रद्धेय भन्तेहरूबाट परित्राण पाठ पनि सम्पन्न भएको थियो । सो पश्चात् दिवंगत मातापिताको पूण्यस्मृतिमा पूण्यानुमोदन गरिएको थियो ।

शबदाह गर्ने स्थानमा स्थापित उक्त मन्दिर भित्रको बुद्ध प्रतिमा दर्शन गर्न जो कोही व्यक्तिको मनले पनि शान्ति प्राप्त गर्न सकुन् भन्ने मनसायले उक्त मन्दिर भित्र “जीवन अनिश्चित तर मृत्यु निश्चित” भनी बुद्ध वाणी पनि उल्लेख गरिएको कुरा प्राप्त समाचारमा प्रष्टाइएको छ ।



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*बि.सं. २००२ जेठ २६ गते,*
*शुक्रबार*

*दिवंगत :*
*बि.सं. २०७० पौष ७ गते,*
*आइतबार*

# दिवंगत जनकमाया रंजित, छाउनी

मेरी जहान **जनकमाया रंजित** मिति २०७० पौष ७ गते आइतबार अकस्मात् दिवंगत भइन् । संसारको अनित्य दुःख र अनात्म स्वभावलाई बुझ्रेपनि यस सत्य तथ्य नियमलाई व्यवहारमा प्रयोग गर्न भने अति कठिन हुने रहेछ । यस दुःखद घडीमा मैत्रीपूर्वक श्रद्धाञ्जली अर्पण गर्नुहुँदै दुःख बाँडेर लिनु भएका सहयोगी समस्त साथीभाईहरू, नाता कुटुम्बहरू लगायत इष्टमित्रहरू र संघ संस्थाहरूलाई हाम्रो भित्री हृदयदेखि साधुवाद प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछौं ।

यसरी नै दिवंगत मेरी जहान जनकमायालाई सुगति, निर्वाण कामना गर्दै मत्रीपूर्वक पुण्यानुमोदन गर्दछौं ।

*श्रीमान्:* **हरिमान् रंजित**

*छोरा:* **सूर्यमान रंजित** – *बुहारी:* **गृहस्था रंजित**

*छोरीहरू / ज्वाइँहरू*

**शोभा रंजित (क्षेत्री) –**
**रत्ना रंजित – केदार गुप्त रंजित**
**मोना रंजित – मनराजा रंजित**

*नातिनी / नातिनी ज्वाई:*

**श्रद्धा रंजित (खड्का) – सृजन खड्का**

*नातीहरू:* **अमित क्षेत्री, आदर्श क्षेत्री, आश्रय रंजित**

*नातिनीहरू:* **श्रृष्टी रंजित, श्रोता रंजित, कृति रंजित, कृपा रंजित**

**तथा सम्पूर्ण रंजित परिवार**

ककन्चो विनायक मार्ग, छाउनी का.म.पा. १३

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY




धर्मशीला गुरुमांद्वारा स्थापना गरिएको पोखरास्थित "धर्मशीला बुद्ध विहार"

वर्ष-३१; अङ्क-९ बु.सं. २५५७, मिला पुन्हि

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



# दिवंगत भक्त मानन्धर

*(जन्म : १९८४ फागुन २२ गते – दिवंगत: २०७० मंसीर ०४ गते)*

बाँख्योः टोल, बनेपा-६ निवासी जिमि हनेबहःम्ह आदरणीय बाः **भक्त मानन्धर** ८६ दँया उमेरय् अस्थिरगु देह तोताः परलोक जुया बिज्यात। जिमित मचाबलेनिसें स्यने कने यानाः ब्वलंकाः भिंगु मार्गय् छ्वया दीम्ह जन्मदाता बाःया गुण गुबलें लोमनी मखु। वसपोलयात जिमिसं थुलिहे जक प्रार्थना याये। वसपोलया सुगति नापं संसार दुःखं मुक्त जुयाः निर्वाण लाभ याना कायेफयेमा।

*म्ह्यायूपिं :* **लक्ष्मी मानन्धर, जमुना मानन्धर**

*जिचा भाजुपिं :* **तंक प्रसाद मानन्धर, प्रकाश मानन्धर**

*छय्पिं :* **प्रदीप मानन्धर, प्रबिन मानन्धर, प्रगति मानन्धर, प्रज मानन्धर**

**प्रिन्स मानन्धर सकल परिवार**

बाँख्योः टोल, बनेपा-६

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital